मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक १८७ • २०८२ साल जेष्ठ ०७ गते बुधबार • Wednesday 21, May 2025 • सूर्योदयः बिहान ५:१५ बजे • सूर्यास्तः साँझ ६:४९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## लामिछानेको मुद्दा हेर्दाहेर्दैमा

**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा मंगलबार सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा राखिएको छ । न्यायाधीशद्वय नकहुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासमा सुनुवाइ प्रारम्भ भए पनि नसकिएपछि हेर्दाहेर्दैमा बुधबारका लागि राखिएको हो । सहकारी ठगी प्रकरणमा कारागार कार्यालय भैरहवा रुपन्देहीमा पूर्पक्षका लागि थुनामा रहेका लामिछानेका तर्फबाट दायर भएको बन्दी प्रत्यक्षीकरणको रिट पटकपटक हेर्न नमिल्ने सूचीमा परेको थियो । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश नित्यानन्द पाण्डेको संयुक्त इजलासमा सोमबार पेशी तोकिएको भए पनि हेर्न नमिल्ने सूचीमा राखिएपछि सुनुवाइ हुन सकेको थिएन ।

# समाज कल्याण मन्त्रालयः प्रमाणबिनै ५ करोड भुक्तानी




**दिपक कर्ण**
**जनकपुरधाम ।**
मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयले आफ्ना मूलभूत कार्यक्षेत्रमा नीति निर्माणदेखि कार्यान्वयन, वित्तीय अनुशासनदेखि सार्वजनिक सूचना प्रवाहसम्मका विभिन्न तहमा गम्भीर लापरवाही र कमजोरी गरेको पाइएको छ । प्रदेश सरकार, कार्य विभाजन नियमावली २०८० अनुसार मन्त्रालयलाई खेलकुद, युवा, लैङ्गिक समानता, महिला तथा बाल अधिकार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकार संरक्षण र समाज कल्याणसँग सम्बन्धित नीतिगत तथा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी छ । तर, महालेखापरीक्षकको ७औँ वार्षिक प्रतिवेदनले मन्त्रालयको कार्य सम्पादनमा गम्भीर प्रश्न उठाएको छ । प्रदेशको पहिलो आवधिक योजना २०७६–७७ देखि २०७९–८० सम्मका सामाजिक सूचकहरू हेर्दा अधिकांशमा लक्ष्यभन्दा निकै कम उपलब्धि देखिएको छ ।

महिला साक्षरता दर ९५ प्रतिशतको लक्ष्य राखिएकोमा उपलब्धि ५४.७ प्रतिशतमा मात्र सीमित रह्यो । ज्येष्ठ नागरिक सेवा केन्द्रको संख्या सात पुर्याउने भनिएकोमा जम्मा तीनवटा मात्र कायम भए । बाल कुपोषण दर घटाएर ८ प्रतिशतमा झार्ने लक्ष्य थियो । तर, १० प्रतिशतमा झरेर मात्र सीमित भयो । त्यस्तै, बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह सात पुर्याउने भनिए पनि दुईवटामा मात्र यो कार्यान्वयन भयो ।

'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' अभियानअन्तर्गत छात्रवृत्ति, छोरा–छोरी भेदभाव अन्त्य गर्न साइकल वितरण, छोरी बीमा, लोक सेवा तयारी कक्षा सञ्चालन जस्ता कार्यक्रम समावेश गरिए पनि केही महत्वपूर्ण कार्यक्रमहरू कार्यान्वयनै भएनन् ।

प्रदेशका आठवटै सबै जिल्लामा महिला सहायता केन्द्र स्थापना गर्ने नीति तय भए पनि कार्यान्वयन नभएको देखिन्छ । बालविवाह, दाइजो प्रथा, बोक्सी आरोपविरुद्धका जनचेतनामूलक कार्यक्रम पनि केबल कागजमा मात्र सीमित रहेको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

मन्त्रालयले आर्थिक विधेयकअनुसार आवधिक वित्तीय विवरण पेस नगरेको, पारदर्शी ढंगले आर्थिक विवरण सार्वजनिक नगरेको, सम्पत्ति विवरण अद्यावधिक नगरेको र अनुमानभन्दा बढी खर्च गर्नेलगायतका गम्भीर कमजोरी देखिएको छ । आर्थिक वर्ष २०८०–८१ को एकीकृत वित्तीय विवरण मन्त्रालयले समयमा पेस नगरेको पाइयो ।

शुरुमा ११ करोड ४९ लाख ५३ हजार रुपैयाँको बजेट विनियोजन गरिए पनि अन्तिममा १ अर्ब ३७ करोड ३४ लाख रुपैयाँमा बजेट वृद्धि भएको थियो । यो आरम्भिक बजेटभन्दा ७ सय ७३ प्रतिशतले बढी हो । सरकारी चल–अचल सम्पत्ति, उपकरणको विवरण अद्यावधिक नगरेको र यसलाई डिजिटल प्रणालीमा प्रविष्ट नगरिएको देखिएको छ ।

कानूनी व्यवस्थाअनुसार विवरणसहित भुक्तानी गर्नुपर्नेमा मन्त्रालयले ५ करोड १४ लाख रुपैयाँ बराबरका योजनाको भुक्तानी प्रमाणीकरण नगरेरै गरेको पाइयो । विपद् व्यवस्थापन तथा व्यावसायिक सीप विकास केन्द्रले ३२ वटा तालिम सञ्चालन गरी २ हजार ५ सय ६५ जनालाई विभिन्न सीप (जस्तै, सिलाइ, ड्राइभिङ, चिउरा उत्पादन) प्रदान गर्यो । तर, ती प्रशिक्षार्थी आयआर्जनमा संलग्न भए–नभएको अनुगमन गरिएको छैन । परिणामतः तालिमको प्रभावकारिता मापन गर्ने आधार नभएको देखिन्छ । प्रदेश निजामती सेवा ऐन, २०७७ अनुसार सेवा निवृत्त भएकाहरूको पद पूर्ति गर्नुपर्ने भए तापनि मन्त्रालय तथा मातहतका ६ कार्यालयमा ९ जना सेवा निवृत्त भइसकेका छन् भने ७ जना मात्र पदपूर्ति भएका छन् । यसले प्रशासनिक सेवा प्रवाहमा असर पारिरहेको छ ।

महालेखापरीक्षकले मन्त्रालयका योजना तथा कार्यक्रमको कार्यान्वयन, बजेटको व्यावसायिक र अनुशासित उपयोग, पारदर्शिता तथा अनुगमन प्रणालीमा सुदृढता ल्याउन सुझाव दिएको छ । साथै, विगतका वर्षमा उठाइएको आलोचनालाई बेवास्ता गर्दै आएको मन्त्रालयले आवश्यक सुधार नगरे आगामी वर्ष थप प्रश्न उठ्ने निश्चित छ । खेलकुद तथा समाज कल्याण मन्त्रालयको कार्य सम्पादनमा नीति र व्यवहारबीचको ठूलो अन्तर, बजेटको दुरुउपयोग, कार्यक्रम कार्यान्वयनमा ढिलासुस्ती र पारदर्शिताको अभाव देखिएको छ ।

## खाल्डोमा डुबेर दाजुभाईकै मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको कमला नगरपालिका–२ स्थित सराबे टोलमा निर्माणाधीन कृषि सडकको खाल्डोमा जमेको पानीमा डुबेर दुई बालकको ज्यान गएको छ । मंगलबार दिउँसो भएको घटनामा रामबाबु साहका ७ वर्षीय छोरा रितिक र उनका भाइ श्यामबाबु साहका ५ वर्षीय छोरा रितिशको मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ ।

घटनास्थल सराबे टोलमा करिब १५ दिनअघि मात्र कृषि सडक निर्माण थालिएको थियो । सडकको छेउमा खनिएको खाल्डोमा वर्षाको पानी जमेको थियो । खेल्न घरबाट निस्किएका दुवै बालक अबेरसम्म नफर्किएपछि परिवारले खोजी शुरु गरेको थियो । खोजतलासक्रममा उनीहरूलाई खाल्डोमा तैरिरहेको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

स्थानीयले अनुगमन तथा चेतावनीविना खुला रूपमा खाल्डो छोडेर निर्माण कार्य स्थगन गरिएको भन्दै सम्बन्धित निकायको लापरवाहीप्रति आक्रोश व्यक्त गरेका छन् । प्रहरीले घटनाबारे अनुसन्धान शुरु गरेको जनाएको छ ।

## रथयात्राको भव्य तयारी



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशको ऐतिहासिक एवम् धार्मिक महत्व बोकेको गहवामाई मन्दिरमा असार १३ गते हुने रथयात्रा भव्यरूपमा आयोजना हुने भएको छ । गहवामाई तीर्थ क्षेत्र विकास समितिको बैठकले शोभायात्रा सफल बनाउन विभिन्न उपसमिति गठन गरेको छ ।

गहवामाई मन्दिरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने उद्देश्यसहित असार शुक्ल द्वितीयाका दिन हुने रथयात्रा र असार १४ गतेको छपन्न भोग एवम् महाप्रसाद भण्डारा कार्यक्रमलाई विशेष बनाइने समितिले जनाएको छ । विशेष सम्मान कार्यक्रम पनि हुनेछ । कार्यक्रममा बाजागाजा, झाँकी, नृत्य–कलाकृतिलगायत सांस्कृतिक प्रस्तुति समावेश हुनेछन् ।

साथै, विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वलाई विशेष सम्मान गर्ने निर्णय गरिएको छ । समितिका अनुसार, यस वर्षको रथयात्रा कार्यक्रमलाई अझ व्यवस्थित, आकर्षक र भव्य बनाउने तयारी भइरहेको छ ।

## गभर्नरमा पौडेल



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले नेपाल राष्ट्र बैङ्कको गभर्नरमा अर्थविद् डा विश्वनाथ पौडेललाई नियुक्त गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले पौडेललाई गभर्नर बनाएको हो । साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा गठित तीन सदस्यीय सिफारिस समितिको सिफारिसका आधारमा उनलाई नियुक्ति गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले जानकारी दिए । राष्ट्र बैङ्कमा डेढ महिनादेखि गभर्नर पद रिक्त छ । चैत २३ गते महाप्रसाद अधिकारीको पाँच वर्षे कार्यकाल सकिएपछि पद रिक्त रहँदै आएको हो । प्रधानमन्त्री र सत्ता साझेदार दल कांग्रेसका सभापति शेरबहादुर देउवाबीच पौडेललाई गभर्नर नियुक्त गर्ने सहमति भएको थियो । चैत ११ गते बसेको मन्त्रिपरिषद् बैठकले गभर्नर नियुक्तिका लागि सिफारिस समिति गठन गरेको थियो । गभर्नरको सम्भावित उम्मेदवारमा एक दर्जन बढीको नाम चर्चामा थियो । तीमध्ये कुनै पनि नाममा सहमति जुट्न नसकेपछि देउवाले सिफारिस समितिमा रहेका पौडेललाई वैकल्पिक उम्मेदवारका रूपमा अघि सारेका थिए ।

## मनी लाउन्डरिङमा शंकास्पद कारोबार ४९% वृद्धि

**काठमाडौं ।**
सम्पत्ति शुद्धीकरणसम्बन्धी शङ्कास्पद कारोबार तथा गतिविधि पछिल्लो एक वर्षमा उल्लेख्य संख्यामा बढेको देखिएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको 'वित्तीय जानकारी इकाईको सन् २०२४ का गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार गतवर्ष यस्ता कारोबार तथा गतिविधिबारे राष्ट्र बैंकलाई गराइएको जानकारी करिब ४९ प्रतिशतले बढेको छ । 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम सूचक संस्थाहरूले इकाईमा सम्प्रेषण गरेका शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदनको संख्या सन् २०२३ मा छ हजार २ सय ५५ रहेकोमा सन् २०२४ मा संख्या करिब ४९ प्रतिशतले वृद्धि भई नौ हजार ३ सय ४ पुगेको छ,' राष्ट्र बैंकले भनेको छ । गतवर्ष राष्ट्र बैंकमा प्राप्त प्रतिवेदनमध्ये सन् २०२४ मा जम्मा एक हजार ८ सय ९४ प्रतिवेदन विश्लेषण गरिएको जनाइएको छ । योमध्ये एक हजार ८६ वटा प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने अनुसन्धानकारी निकाय तथा नियामकीय कारबाहीका लागि पठाइएको राष्ट्र बैंकले जनाएको छ । यसरी पठाइएका प्रतिवेदनमध्ये ८ सय ८ वटा प्रतिवेदनमध्ये भविष्यमा थप जानकारी प्राप्त भएमा राष्ट्र बैंकले पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरिएको पनि राष्ट्र बैंकले उल्लेख गरेको छ ।

त्यस्तै, सूचक संस्थाहरूले राष्ट्र बैंकमा सन् २०२३ मा १७ लाख ८३ हजार १ सय ८३ वटा सीमा कारोबारको विवरण पेस गरेकामा गत वर्ष अर्थात् सन् २०२४ मा यो संख्या १९ लाख ७२ हजार ८ सय ५५ पुगेको जनाइएको छ । त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारण मामलासँग जोडिएका विभिन्न संस्था तथा निकायहरुको संख्यामा पनि वृद्धि भएको राष्ट्र बैंकले जनाएको छ । 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी गर्नुपर्ने रिपोर्टिङ तथा पत्राचारका लागि राष्ट्र बैंकको गोएएमएल प्रणालीमा आबद्ध सूचक संस्थाहरू, कानून कार्यान्वयन गर्ने र अनुसन्धानकारी निकायहरू र नियामक निकायहरूको जम्मा संङ्या सन् २०२३ को अन्त्यमा एक हजार ४ सय ९६ रहेकामा सन् २०२४ को अन्त्यमा एक हजार ९ सय ५ पुगेको छ,' राष्ट्र बैंकले भनेको छ ।

## ३०–४० प्रतिशत महिला अहिले पनि नागरिकताविहीन: मुख्यमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले मुसहर समुदायका ३०–४० प्रतिशत महिला अहिले पनि नागरिकताविहीन अवस्थामा रहेको बताएका छन् । ऋषिवंश एकता सेवा समाज नेपालको छैठौँ साधारणसभा तथा वार्षिक समीक्षा कार्यक्रम जनकपुरधाममा उद्घाटन गर्दै उनले नागरिकता नभएका कारण मुसहर समुदायले शिक्षा, स्वास्थ्य तथा रोजगारीलगायत मौलिक हक तथा अधिकारबाट वञ्चित हुनुपरेको तथ्य प्रस्तुत गरे ।

मुख्यमन्त्री सिंहले मुसहर समुदायका अभिभावकलाई आफ्ना बालबालिकालाई न्युनतम एसइइसम्म पठनपाठन गराउनुपर्ने तथा बालविवाह रोकेर २० वर्ष पुगेपछि मात्र छोराछोरीको विवाह गर्न सुझाव दिए । मधेश प्रदेश योजना आयोगका उपाध्यक्ष डा. सोहन साहले गुणस्तरीय शिक्षाको विकासमा मधेश प्रदेश सरकार लागिपरेकाले सबैले आफ्नो छोराछोरीको शिक्षामा जोड दिनुपर्ने विचार व्यक्त गरे ।

संस्थाका अध्यक्ष लोचन सदाको अध्यक्षतामा भएको कार्यक्रममा हंसपुर नगरपालिकाका पूर्वनगरप्रमुख रामज्ञान मण्डल तथा समाजसेवी चन्देश्वर सदाले पनि मुसहर जातिको आर्थिक तथा सामाजिक अवस्थाबारे जानकारी गराए ।

# स्थानीय पत्रिकाको महत्व अझ बढेको छ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडामा स्थानीयपोष्ट साप्ताहिकको सार्वजनिकीकरण गरिएको छ । गरुडामा आयोजित एक समारोहबिच स्थानीय न्युज मिडिया प्रालिद्वारा प्रकाशित स्थानीयपोष्ट साप्ताहिकको पहिलो अंकलाई सार्वजनिक गर्दै सञ्चारकर्मी तथा बुद्धिजीवीहरुले स्थानीय पत्रिकाको महत्व अझ बढेको टिप्पणी गरेका छन् । जिल्लामा दर्जनौं अखबारहरु प्रकाशनमा रहेको अवस्थामा स्थानीयपोष्ट साप्ताहिकका सम्पादक राजनारायण पटेलले अबदेखि स्थानीय भाषा, साहित्य र समाचारको बारेमा स्थानीयलाई नै बताउने युगको शुरुवात गरेको बताउँदै देश–विदेशका मुख्य समाचार तुरुन्त भाइरल हुने तर स्थानीय समाचारहरु ओझेलमा परेकोले स्थानीयलाई सुसूचित गर्न आवश्यक रहेको बताएका छन् ।
सम्पादक पटेलले स्थानीयलाई स्थानीयले चिनाउने प्रयासमा स्थानीयपोष्टको प्रकाशनारम्भ भएको बताउँदै मुख्य सरोकार नै स्थानीयता भएको प्रतिबद्धता पनि व्यक्त गरेका छन् । कार्यक्रममा साहित्यकार सञ्जय साह मित्रले पत्रिकाले लिएको उद्देश्यबमोजिम खोजमूलक सन्देश तथा भाषा र साहित्यको सेवामा लाग्न सके स्थानीय प्रतिभाको पहिचान तथा प्रोत्साहनमा सजिलो पुग्ने विश्वास व्यक्त गरेका छन् । साहित्यकार मित्रले नेपाली र बज्जिका भाषामा दर्ता भएको स्थानीयपोष्ट साप्ताहिकमा बज्जिका भाषा, साहित्य र संस्कृतिका साथै समाचारमा पनि आधाको हकदार भएको जिकिर गरेका छन् । लोसपा नेपालका केन्द्रीय सदस्य राम प्रवेश दासले मिडियाले भोगिरहेका समस्याको समाधान गर्न आफ्नो व्यक्तिगत तथा पार्टीको तर्फबाट पनि भूमिका खेल्न तयार रहेको बताउँदै स्थानीयपोष्टलाई स्थानीय समस्यासित जोड्नुपर्ने सुझाव दिए । नेता दासले पत्रकारिताको क्षेत्रमा स्थानीयपोष्टले नयाँपन ल्याउने विश्वास व्यक्त गर्दै आगामी दिनमा पत्रिकालाई आफूले गर्न सक्ने सबै किसिमको सहयोगका लागि सदैव तयार रहने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । समाजवादी प्रेस संगठनका रौतहट अध्यक्ष दिनेश संगमले खोजमूलक पत्रकारितामा साप्ताहिक पत्रिकाले जोड दिनुपर्ने बताउँदै आफ्नो विशिष्ट पत्रकारितामा ध्यान दिन सुझाव दिएका छन् । श्रमजीवी पत्रकार संघ रौतहटका उपाध्यक्ष राकेशकुमार यादवले मिडियाको भीडमा स्थानीयपोष्ट नहराओस् भन्ने कामना गर्दै हरेक पत्रकारले सम्भव भएसम्म स्थानीयपोष्ट साप्ताहिकलाई सहयोग गर्नुपर्ने तथा आफू सहयोगको लागि हरदम तयार रहेको प्रतिबद्धता व्यक्त गरेका छन् । यसै गरी बज्जिका पत्रकार संघ नेपालका अध्यक्ष राजेश्वरनाथ पाण्डेले पत्रकारिता पेसा अंगाल्नु तथा यसलाई निरन्तरता दिनु निकै संघर्षपूर्ण काम भएको बताउँदै पत्रिकाले स्थानीय भाषालाई विशेष महत्व दिनुपर्नेमा जोड दिएका छन् ।
बज्जिका साहित्य संगम रौतहटका अध्यक्ष किशुनदयाल श्रीकृष्णले बज्जिका भाषा र साहित्यको विकासमा स्थानीयपोस्ट साप्ताहिकले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउँदै संगम र व्यक्तिगत रुपमा गर्नुपर्ने सहयोगका लागि आफू तयार रहेको बताएका छन् । नवसर्जक साहित्य चौतारीका मधेश प्रदेश अध्यक्ष अभिजित रामले स्थानीयपोष्ट साप्ताहिकले भाषा र साहित्यलाई प्राथमिकता दिएकोमा खुसी व्यक्त गर्दै पत्रिकाले आगामी दिनमा साहित्यको विकासमा थप योगदान दिने कुरामा विश्वस्त रहेको बताएका छन् । राष्ट्रिय शिक्षक मंचका रौतहट अध्यक्ष शिवशंकर झाले स्थानीयहरुको आवाज बन्न सफल बनोस् भन्ने कामना गर्दै आगामी दिनमा स्थानीयपोष्ट साप्ताहिकको विकास राष्ट्रियस्तरमा भएको आफूले देख्न चाहेको बताएका छन् । कार्यक्रममा पत्रकार सागर संगम ठाकुर, चन्दनकुमार महतोलगायतले मन्तव्य व्यक्त गर्दै एउटा प्रतिबद्ध पत्रकारिताको आवश्यकतालाई साहित्यपोष्टले पूरा गर्ने विश्वास आफूहरुले लिएको बताए । पत्रिकाका सम्पादक राजनारायण पटेलको अध्यक्षतामा भएको कार्यक्रममा उपस्थितलाई स्वागत तथा संचालन गर्दै लोकतान्त्रिक पत्रकार संघका रौतहट अध्यक्ष राजुकुमार श्रीवास्तवले पत्रिकाले सबैको सुझावलाई विचार गर्दै आगामी दिनमा थप आकर्षक र सबैको प्रिय बनाउन ध्यान दिने बताएका छन् । कार्यक्रममा पत्रकार तथा बुद्धिजीवीहरुको सहभागिता रहेको थियो ।

# अशक्तलाई ह्वील चेयर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर–१६ इनर्वाका शारिरिक रुपले पूर्ण रुपमा अशक्त एक जना व्यक्तिलाई ह्वील चेयर सहयोग गरिएको छ । हिड्डुल समेत गर्न नसक्ने ती व्यक्तिलाई परोपकारी संस्था उपकार सेवा नेपालले एक थान ह्वील चेयर सहयोग गरेको हो । सामाजिक अभियन्ता प्रकाश प्रसाद थारुले जानकारी गराएपछि इनर्वाका ती व्याक्तिलाई उनको घरमै पुगेर ह्वील चेयर सहयोग गरिएको उपकार सेवा नेपालकी अध्यक्ष विद्या सरावगीले बताइन् । पुर्ण रूपमा अशक्त भई हिंडडुल समेत गर्न नसक्ने ती व्यक्तिलाई उनको जिवन यापनमा केहि सहजता होस् भनेर ह्वील चेयर प्रदान गरिएको बताइन् । ह्वील चेयर प्रदान गर्ने कार्यक्रममा उपकार सेवा नेपालकी अभिभावक पद्मा देवी सरावगी, सामाजिक अभियन्ता प्रकाश थारू, जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफ लगायतको उपस्थिती रहेको थियो ।

# नगर प्रमुखको कामप्रति वडाध्यक्षहरूको आपत्ति

**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको फतुवा विजयपुर नगरपालिकाका ११ वटै वडाका अध्यक्षहरूले एकैसाथ प्रमुख प्रशासकीय अधिकृतसमक्ष ज्ञापन पत्र बुझाउँदै कार्यवाहक नगर प्रमुखद्वारा गरिएका कानुनविपरीतका कार्यहरूप्रति आपत्ति जनाएका छन् । उनीहरूले नगरप्रमुखले जनप्रतिनिधिको मूल्य र मान्यता बिर्सेर विधि र विधानको उल्लंघन गर्दै कानुनी शासनको धज्जी उडाउने किसिमले नगर कार्यपालिकाबाट कार्य सम्पादन गरेको भन्दै ध्यानाकर्षण गराएका हुन् । ज्ञापन पत्रमा नगर प्रमुखले विगतको योजना कार्यान्वयन नगरी पुरानै कामलाई योजना देखाई कर्मचारीलाई भुक्तानीको लागि दबाब दिएको भन्दै यस विषयमा छानबिन गर्न माग गरिएको छ । साथै, बजेटको रकमान्तर प्रक्रिया, वडा स्तरीय योजनाको कार्यान्वयन र भुक्तानी प्रक्रिया, तथा नगर प्रशासनिक भवन र वडा कार्यालय भवन निर्माणका लागि जग्गा खरिद प्रक्रियाको तत्काल अगाडि बढाउन आग्रह गरिएको छ । ज्ञापन पत्रमा हस्ताक्षर गर्ने वडाध्यक्षहरूमा वडा नं. १ का विजय कुमार यादव, वडा नं. २ का अनिरुद्ध प्रसाद यादव(संजय), वडा नं. ३ का रामेश्वर प्रसाद यादव, वडा नं. ४ का सतिस कुमार यादव, वडा नं. ५ का शेख एजाज अहमद, वडा नं. ६ का रामएकवाल राय यादव, वडा नं. ७ का रामविश्वास राय यादव, वडा नं. ८ का नितेश कुमार चौधरी, वडा नं. ९ का राकेश यादव, वडा नं. १० का मंजय कुमार चौधरी, र वडा नं. ११ का ज्ञानेन्द्र चौधरी रहेका छन् । उनीहरूले जनप्रतिनिधिहरूको सहभागिता विना गरिने निर्णयहरू लोकतान्त्रिक मूल्य र सुशासनका विरुद्ध रहेको भन्दै नगर प्रमुखको कार्यशैली प्रति असन्तुष्टि जनाएका छन् ।

# लोसपा नेपालका नेताबिच समसामयिक विषयमा छलफल

**मधेशदृष्टि**
**रौतहट ।**
लोसपा नेपाल मधेश प्रदेशका संसदीय दलका नेता जयनुल राईनसँग पार्टीका केन्द्रीय सदस्य रामप्रवेश दास र लोकतान्त्रिक पत्रकार संघ रौतहटका अध्यक्ष आरके श्रीवास्तवले भेटघाट गरेका छन् ।
जनकपुरधाममा भएको सो भेटमा तिनै जनाबिच समसामयिक राजनीतिक अवस्था, मधेशका मुद्दा, पत्रकारिता तथा लोकतान्त्रिक मूल्य–मान्यताका सवालमा कुराकानी भएको थियो । भेटपछि नेता राईनले भने, 'मधेशको हकहितलाई मजबुत बनाउने सवालमा हामी दृढ छौं । पत्रकारिता र बुद्धिजीवी वर्गसँग सहकार्य गर्दै अघि बढ्ने योजना छ ।' केन्द्रीय सदस्य रामप्रवेश दासले पार्टी भित्रको एकता र अनुशासनलाई मजबुत पार्दै जनताको आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले भने, 'हामी संगठनलाई अझ सुदृढ बनाउँदै जनसरोकारका मुद्दालाई प्राथमिकतामा राखेर अघि बढिरहेका छौं ।' पार्टीका नेता कार्यकर्ताहरूलाई सम्बोधन गरेर बढ्न संसदीय दलका नेता राईनलाई आग्रह गरेका छन् । जवाफमा उनले मधेश प्रदेशको आठै जिल्लाका नेता कार्यकर्ताहरू सम्बोधन गराउन पहल गरिरहेको प्रतिक्रिया दिए । त्यसैगरी, पत्रकार संघ अध्यक्ष आरके श्रीवास्तवले स्वतन्त्र, जिम्मेवार र लोकतान्त्रिक पत्रकारिताको महत्त्व उल्लेख गर्दै भने, 'राजनीतिक नेतृत्व र पत्रकारिता बीच सकारात्मक सम्वाद जरुरी छ । मधेशका मुद्दामा पत्रकारिता संयमित, तथ्यपरक र सशक्त हुनुपर्छ ।'

Government of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply
Groundwater Resources and Irrigation Development Division
Jaleshwar, Mahottari

## Letter of Intent

Date of Publication: 2082/02/07 B.S. (21st May, 2025)

This is to notify to all the concerned bidders that it is our intention to award the following contract, published on 2081/12/31 BS(13th April, 2025) to following substantially responsive evaluatedlowest bidders with total price listed below:

| S.N. | Contract No. | Description of Works/Name of Project | Substantially Responsive Lowest Evaluated Bidder | Bidding Amount (without VAT & PS) |
|---|---|---|---|---|
| 1. | 05/NCB/WORKS/GWRIDDM/081/82 | Dhanushanirbachan no 1 (kha) nharipurano deep boarding marmat sambhar karya | New Supriya Construction, Janakpur-4 | Rs. 26,27,878 |

**For details, bidders are advised to visit Ground Water Resources and Irrigation Development Division, Jaleshwar, Mahottari. For contact: 044-520454, 9860584646**

- Division Chief

# भारततर्फ लैजाँदै गरिएको १४२ किलो गाँजासहित एक युवक पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
प्रतिवन्धित लागूऔषध गाँजा भारततर्फ ओसारपसार गर्दै गरिएको गोप्य सूचनाको आधारमा प्रहरीले सर्लाहीको लालबन्दी नगरपालिका–१२ बाट एक युवकलाई पक्राउ गरेको छ । घटनास्थलबाट ठूलो मात्रामा गाँजा, स्कार्पियो गाडी र मोटरसाइकल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्र सिंह जोहारीको कमान्डमा खटिएको प्रहरी टोलीले लालबन्दी–१२ डाइने खोला क्षेत्रबाट भारततर्फ लागू औषध ओसारपसार हुँदैछ भन्ने सूचना पाएपछि सो क्षेत्र निगरानीमा राखेको थियो । सोही क्रममा भारतीय नम्बर प्लेट भएको सेतो रंगको स्कार्पियो र एक पल्सर मोटरसाइकल घटनास्थलमा फेला परे । प्रहरीलाई देखेपछि दुई सवारी साधनका चालक फरार हुन खोजे पनि प्रहरीले लालबन्दी–१२ बस्ने २८ वर्षीय सोमबहादुर तामाङलाई नियन्त्रणमा लिएको हो । प्रारम्भिक सोधपुछमा तामाङले स्कार्पियो गाडीमा प्रतिबन्धित लागूऔषध गाँजा लुकाएर राखिएको स्वीकार गरेपछि प्रहरीले गाडीको डिक्की तलासी लिएको थियो । तलासीका क्रममा स्कार्पियो गाडीको पछाडिको डिक्कीमा रातो रंगको प्लास्टिकमा प्याक गरिएको ९ वटा पोका फेला पारिएको थियो । खोलेर जाँच गर्दा ती पोका गाँजाका हुन् भन्ने पुष्टी भएपछि स्थानीय जनप्रतिनिधिको रोहबरमा प्रमाणिक तराजुमा तौल गर्दा कुल १४२.६ किलोग्राम गाँजा बरामद गरिएको हो । बरामद गाँजा, स्कार्पियो (भारतीय नम्बर प्लेट सहित) र पल्सर मोटरसाइकलसहित सोमबहादुर तामाङलाई नियन्त्रणमा लिएर थप अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । अदालतबाट ९ दिनको म्याद थप गराएर उनलाई इलाका प्रहरी कार्यालय लालबन्दीमा राखी अनुसन्धान भइरहेको हो ।

## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

### बिरगंज-१५, पर्सा

### ऋणी शेयर सदस्यहरुलाई जरुरी सुचना

**प्रकाशित मिति :- २०८२/०२/०७**

तपसिलमा उल्लेखित विवरण भएका सदस्यहरुले संस्थाबाट ऋण लिई उक्त ऋणको बुझाउनु पर्ने साँवा,ब्याज,हर्जाना, आदि समेतको रकम भाखा भित्र नबुझाई नतिरी संस्था संग गरेको ऋण सम्झौता,कर्जा सम्बन्धी शर्त बन्देजहरु र कबुलियतहरुको उल्लंघन गरेको र संस्थाले लेना रकमको बारेमा बारम्बार लिखित तथा मौखिक तर-ताकेता साथै व्यक्तिगत सम्पर्क राखि ऋण तिर्न जानकारी गराउँदा समेत ऋण तिर्ने तर्फ कुनै चाँसो नदेखाई आलटाल गरेकाले सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५ र संस्थाको आंतरिक विनियम,निति,नियम बमोजिम संस्थाको लेना रकम असुल उपर गर्नका लागि तपाई ऋणीहरुले संस्थाबाट ऋण लिंदा संस्थालाई उपलब्ध गराएको तपशिलमा उल्लेखित धितोहरु लिलामी गरी रकम असुल उपर गर्न खोज्दा धितो कसैले नसकारेको हुँदा सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम संस्था आफैले सो धितो सकारी संस्थाको नाममा धितो दा.खा.नामसारी, हकहस्तांतरण भई संस्थाको स्वामित्वमा उल्लेखित सम्पत्तिहरु आई सकेको अवस्था छ । सहकारी नियमावली २०७५ को नियम ३६ को म्याद भित्र पनि तपाई ऋणीहरु संस्थाको लेना रकम चुक्ता गरी धितो फुकुवा गराउनु भएको छैन । संस्थाको रकम असुली प्रयोजनको लागि उल्लेखित सम्पत्तिहरु विक्री वितरण वा अन्य कानुन बमोजिम व्यवस्थापन गर्ने प्रयोजनको लागि उल्लेखित सम्पत्तिमा संस्थाको भोगाधिकार कायम गर्नु पर्ने हुन्छ र सोको लागि तपाई ऋणीहरुलाई पटक पटक लिखित मौखिक ताकेता गरेकोमा कानुन विपरित अटेरी गरी धितोको भोगाधिकार हाल सम्म पनि नछोडेको हुँदा अन्तिम पटकको लागि यो १५ दिनको म्याद दिई सुचना प्रकाशित गरिएको छ । म्याद भित्र संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा,ब्याज र अन्य दस्तुरहरु बुझाई संस्थाको स्वामित्वमा रहेको धितोहरु आफ्नो नाममा नामसारी गर्नु होला । म्याद भित्र पनि रकम बुझाई धितोको हकहस्तांतरण नगरेमा प्रचलित नेपाल कानुन बमोजिम घरजग्गा खालीको लागि कानुनी उपचार खोजिन संस्था बाध्य हुने ब्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ । यस सूचाना बाट र संस्थाले भविष्यमा चालिने कानुनीकारवाहीबाट तपाईको व्यक्तिगत जीवनमा पर्न जाने बाधा अड्चन वा ख्यातिप्रति यस संस्थाको कुनै किसिमको जवाफदेही नहुने व्यहोरा समेत अवगत गराउँदछौं ।

**तपसिल**

| क.स. | ऋणीको नाम,थर,वतन,ठेगाना | धितो विवरण(हाल संस्थाको स्वामित्वको सम्पत्ति) |
|---|---|---|
| १. | ऋणी : उर्मिला देवी<br>पति : शम्भु राउत कुर्मी<br>बुवा : भिख राउत कुर्मी<br>ससुरा : राधा किसुन राउत कुर्मी<br>ठेगाना : पर्सा जिल्ला भौराटार वडा नं.३ | पर्सा जिल्ला भौराटार वडा नं.४ स्थितको किता नं. ६४६,६४९,६४८ को जग्गाको क्षेत्रफल ०-१-३-६,०-२-१०-१०,०-२-१-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : शम्भु राउत कुर्मी<br>पत्नी : उर्मिला देवी<br>बुवा : राधा किसुन राउत कुर्मी<br>बाजे : शिवरतन राउत कुर्मी<br>ठेगाना : पर्सा जिल्ला भौराटार वडा नं. ३ | पर्सा जिल्ला भौराटार वडा नं. ३ स्थितको किता नं. ३२४५,२५८७ को जग्गाको क्षेत्रफल ०-०-४-०,०-०-८-६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : बसिर अहमद<br>पत्नी : रब्या खातुन<br>बुवा : अब्दुल रहिम मिया<br>बाजे : दिलफुल मिया<br>ठेगाना :पर्सा जिल्ला,पसुरामपुर वडा नं.३ | पर्सा जिल्ला बीरगंज वडा नं. २ स्थितको किता नं. ६४०,६५५ को जग्गाको क्षेत्रफल ०,००८८.८८,०,००८०.१९ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : परमेश्वर राउत कुर्मी<br>पत्नी : भागमणी देवी<br>बुवा : चोकट राउत<br>बाजे : रामफल<br>ठेगाना : पर्सा जिल्ला मुडली वडा नं.,३ | पर्सा जिल्ला मुडली वडा नं.२,३ स्थितको किता नं. १४९,३५ को जग्गाको क्षेत्रफल ०,००३५,०,०१०८.७५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : ललिता देवी कलवार<br>पति : शिव शंकर साह कलवार<br>बुवा : रामचन्द्र साह कलवार<br>ससुरा : श्री साह कलवार<br>ठेगाना : पर्सा जिल्ला बागेश्वरी तित्रोना वडा नं.१ | पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ५ स्थितको किता नं. ४९३,४९५,४२२,४१९ को जग्गाको क्षेत्रफल ०-०-१-९,०-०-१-७,०-०-०-१२,०-०-०-१२ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६. | ऋणी : श्रीमति रामो देवी सोनार<br>पति : किशोर ठाकुर<br>बुवा : भोगेन्द्र ठाकुर<br>ससुरा : जगदिस ठाकुर<br>ठेगाना : पर्सा,विरगंज १७ | बारा जिल्ला बहुअरी वडा नं. ४ स्थितको किता नं. ४०४ को जग्गाको क्षेत्रफल ०-०-५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पुर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ७. | ऋणी : धरोहरी कंकरनी<br>पति : बागड राउत कंकर<br>बुवा : सिताराम राउत कंकर<br>ससुरा : मंसी राउत कंकर<br>ठेगाना : पर्सा जिल्ला सिंसिया नौताज ३ | पर्सा जिल्ला गोबिन्दपुर वडा नं. १ स्थितको किता नं. ३६,३७ को जग्गाको क्षेत्रफल ०.०७३०,०.०११० को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ८. | ऋणी : भरत साह कानु<br>पत्नी : सिता देवी साह<br>बुवा : हरीचरण सा कानु<br>बाजे : सिताराम सा कानु<br>ठेगाना : पर्सा जिल्ला ,बसन्तपुर ६ | पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ४ स्थितको किता नं. ३७२ को जग्गाको क्षेत्रफल ०४३५९.०० को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ९. | ऋणी : अवधलाल ठाकुर लोहार<br>पत्नी : सिता देवी<br>बुवा : घुरनी ठाकुर लोहार<br>बाजे : गोपाल ठाकुर लोहार<br>ठेगाना : पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ | पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ स्थितको किता नं. २६४,१८४ को जग्गाको क्षेत्रफल ०००६०.५०,००३३८.६३ को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| १०. | ऋणी : सबिता देवी कुशवाहा<br>पति : अरुण कुमार कुशवाहा<br>बुवा : कमल महतो कोइरी<br>ससुरा : कंचन महतो<br>ठेगाना : पर्सा जिल्ला भिस्वा वडा नं.३ | पर्सा जिल्ला भिस्वा वडा नं. ३ र ९ स्थितको किता नं. १०८,२७७ र १५४ को जग्गाको क्षेत्रफल ०,११२५,०००३३.८६ र ०१२९५ को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पुर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ११. | ऋणी : दुखन देवी<br>पति : प्रेम साह कानु<br>बुवा : बहादुर साह कानु<br>ससुरा :मंसी साह कानु<br>ठेगाना : पर्सा जिल्ला बिन्दावासिनी वडा नं. २ | पर्सा जिल्ला वर्वागोगा वडा नं. ३ स्थितको किता नं. १२०६ को जग्गाको क्षेत्रफल ०-०-१०-० को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पुर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| १२. | ऋणी : संजय कुमार पाण्डेय<br>पत्नी : मुनि देवी<br>बुवा : राम अयोध्या पाण्डेय<br>बाजे : रामाश्रय पाण्डेय<br>ठेगाना : पर्सा जिल्ला बहुअरी पिडरी वडा नं.९ | पर्सा जिल्ला भौराटार र उदयपुर घुर्मी वडा नं. ९ र ९ स्थितको किता नं. ३६०,३६४ र ३४८ को जग्गाको क्षेत्रफल ०-२-७",०-३-५ र ०-६-० को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पुर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| १३. | ऋणी : रामायण प्रसाद यादव<br>पत्नी : उर्मिला देवी यादव<br>बुवा : ढोडा राउत अहिर<br>बाजे : सहदेव राउत अहिर<br>ठेगाना : पर्सा जिल्ला बिन्दाबासीनी वडा नं. ६ | पर्सा जिल्ला अलौ वडा नं. ९ स्थितको किता नं. १२३९ को जग्गाको क्षेत्रफल ०-३-१० को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| १४. | ऋणी : उर्मिला देवी यादव<br>पति : रामायण प्रसाद यादव<br>बुवा : गुली राउत अहिर<br>ससुरा : ढोडा राउत अहिर<br>ठेगाना : पर्सा जिल्ला बिन्दाबासीनी वडा नं. ६ | पर्सा जिल्ला बहुअर्वाभाटा वडा नं. ३ स्थितको किता नं. १२९२ को जग्गाको क्षेत्रफल ०-३-५ को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| १५. | ऋणी : शम्भु प्रसाद सा कलवार<br>पत्नी : निरमाला देवी<br>बुवा : जमुना प्रसाद सा कलवार<br>बाजे : शिव प्रसाद साह कलवार<br>ठेगाना : पर्सा जिल्ला सिर्सिया ख.टो वडा नं. ९ | पर्सा जिल्ला सिर्सिया ख.टो वडा नं. ९ स्थितको किता नं. ५६ को जग्गाको क्षेत्रफल ०,०१४० को जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त जगामा कनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

# दुई मोटरसाइकल आपसमा ठोक्किँदा दुई जनाको मृत्यु, दुई घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही जिल्लाको बागमती नगरपालिका–४ स्थित जिरायत बजारको भित्री सडकखण्डमा दुई मोटरसाइकल एक आपसमा ठोक्किँदा दुर्घटना भएको छ । दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन् । मंगलबार दिउँसो ४:०० बजे पुतली चोकबाट सोल्टी बजारतर्फ जाँदै गरेको प्र.३–०२–००६प ७८६८ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आइरहेको बा ५६ प ५२६ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा चारजना सवार सबै व्यक्ति गम्भीर घाइते भएका थिए । दुर्घटनामा परेर घटनास्थलनजिकै रहेको चन्द्रनिगाहपुर प्रा.लि. अस्पताल लगिएको दुई घाइतेको उपचारको क्रममा मृत्यु भएको पुष्टि गरिएको छ ।

मृत्यु हुनेमा बा ५६ प ५२६ नम्बरको मोटरसाइकल चालक रौतहटको बिसुनपुरवा गाउँपालिकाका ३३ वर्षीय नागेन्द्र साह सोनार र प्र.३–०२–००६प ७८६८ नम्बरको मोटरसाइकल चालक काठमाडौं महानगरपालिका–२३ बसन्तपुर बस्ने ३० वर्षीय बिबेक मानन्धर रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परि भारतको बिहार राज्य बकुलिया बस्ने ३४ वर्षीया मुनि देवी साह सोनार र रौतहटको बिसुनपुरवा गाउँपालिका–४ बस्ने ३२ वर्षीया चनचल देवी साह गम्भीर घाइते भएकी छन् । दुर्घटनाको खबर प्राप्त हुनासाथ जिरायत अस्थायी प्रहरी पोस्टबाट प्रहरी हवल्दार श्रीनारायण प्रसाद यादवको नेतृत्वमा टोली घटनास्थलमा पुगेको थियो । दुवै मोटरसाइकलहरू हाल प्रहरी नियन्त्रणमा छन् ।

# सर्लाहीकी सुस्मिता लाल लोकतान्त्रिक पत्रकार संघको केन्द्रीय सदस्यमा मनोनीत

**मधेशदृष्टि**
**रौतहट ।**
सर्लाही निवासी पत्रकार सुस्मिता लाललाई लोकतान्त्रिक पत्रकार संघको केन्द्रीय सदस्यमा मनोनीत गरिएको छ । संघका केन्द्रीय अध्यक्ष कामरेन्द्र वर्माले उनलाई मनोनयन गरिएको जानकारी दिएका हुन् ।
अध्यक्ष वर्माले देश, मधेश, पत्रकारिता क्षेत्र तथा पार्टीको



हितमा सुस्मिता लालले प्रभावकारी योगदान पु-याउने विश्वास व्यक्त गर्दै शुभकामना दिएका छन् ।

नवनियुक्त केन्द्रीय सदस्य लाल विगत एक दशकदेखि स्थानीय तथा राष्ट्रिय मिडियामा सक्रिय रहँदै पत्रकारितामा योगदान दिँदै आएकी छन् ।
केन्द्रीय सदस्यको हैसियतमा उनले प्रेस स्वतन्त्रता, पेशागत मर्यादा र पत्रकार हितका मुद्दामा अझ सशक्त रूपमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

# एमालेद्वारा प्रजिअ अर्यालको ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा रहेका सरकारी कार्यालयहरुमा बेथिती, अनियमितता र भ्रष्टाचार व्याप्त रहेको भन्दै नेकपा एमालले पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको ध्यानाकर्षण गराएको छ । मंगलबार प्रमुख जिल्ला अधिकारी अर्याललाई ज्ञापननपत्र बुझाउँदै एमालेको वीरगंज महानगरपालिका कमिटीले सरकारी कार्यालयहरुमा व्याप्त रहेको बेथिती, अनियमितता र भ्रष्टचार रोक्न मागपनि गरेको छ । वीरगंजमा रहेका यातायात व्यवस्था कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, विद्युत प्राधिकरण, वीरगंज भन्सार कार्यालय लगायत जनतासँग प्रत्यक्ष सरोकार राख्ने एक दर्जनभन्दा बढी सरकारी कार्यालयहरुमा बेथिती र भ्रष्टाचार मौलाएको एमालेको भनाई छ । यस्तै प्रहरी कार्यालयमा पनि दबाब र प्रभावमा परेर पीडितलाई थप पीडित बनाउने काम हुँदै आएको भन्दै एमालेले भइरहेका विकास निर्माणका काममा भ्रष्टचार व्याप्त रहेको, ती कार्यको गुणस्तरीयता नभएको र अनुगमन पनि नहुने गरेको जनाएको छ । सरकारी कार्यालयहरुमा अहिले विद्यमान बेथिती र विकृति अन्त्य तथा कर्मचारीको व्यवहार सुधारका लागि केहि दिन पर्खिने भन्दै एमालेले त्यसपछिपनि सुधार नभए आन्दोलनको घोषणा गर्न बाध्य हुने एमालेको भनाई छ ।

# हजयात्रा टोलीलाई नगर प्रमुखको बिदाई

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले २०८२ सालको पवित्र हज यात्रामा सहभागी हुँदै साउदी अरब गइरहेका नेपाली हजयात्रीहरूसँग भेटघाट गरी उनीहरूको यात्राको सफलताको कामना गरेका छन् ।
मंगलबार काठमाडौंको ऐतिहासिक काश्मिरी पञ्च ताकिया नेपाली जामे मस्जिदमा पुगेर उनले हजयात्रीहरूलाई विदाइ गर्दै शुभकामना व्यक्त गरे ।
सो अवसरमा महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण पनि सिंहसँगै सहभागी थिए । मेयर सिंहले मुस्लिम धर्मावलम्बीहरूप्रति सम्मान प्रकट गर्दै हज यात्रालाई 'आध्यात्मिक उन्नति र शान्तिको सन्देश बोकेको पवित्र अवसर' भएको उल्लेख गरे । मुस्लिम धर्मावलम्बीहरूसँगको संवाद, धार्मिक चाडपर्वमा सहभागिता तथा विभिन्न सामाजिक योजनामा सहभागितामार्फत नगरले साझा पहिचान र एकता निर्माणको प्रयास गरिरहेको मेयर सिंहले बताए ।

# एमसीएलको उद्घाटन खेलमा बाराको उत्कृष्ट प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश क्रिकेट लिग (एमसीएल) सिजन १ को उद्घाटन दिनको खेलमा बाराले उत्कृष्ट प्रदर्शन गर्दै सप्तरीमाथि ७ विकेटको सहज जित हात पारेको छ ।
कलैयास्थित सिद्धेश्वर क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा सप्तरीले पहिले ब्याटिङ गर्दै २० ओभरमा ८ विकेटको क्षतिमा १४३ रन बनाएको थियो ।
जवाफी इनिङ्समा बाराले १४ ओभर १ बलमै मात्र ३ विकेट गुमाउँदै लक्ष्य हासिल गर्यो । बाराका लागि निरजकुमार यादवले ६५ र पवन सर्राफले ४१ रनको योगदान गरे ।

# भकुवा नाकाबाट ठूलो परिमाणको लागुऔषध बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साले वीरगंज महानगरपालिका वडा नम्बर–२ स्थित भकुवा नाकामा ठूलो परिमाणको लागुऔषध बरामद गरेको छ ।
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साबाट सशस्त्र प्रहरी नायव उपरीक्षक देवेन्द्र बहादुर सिंहको कमाण्डमा खटिएको गस्ती टोलीले ८१ हजार ४९० ट्याब्लेट लागूऔषध बरामद गरेको हो । सशस्त्र प्रहरी नायब उपरीक्षक सिंहको टोलीलाई देख्नासाथ भारतबाट अवैध रूपमा टाउकोमा बोकेर नेपालतर्फ आइरहेका दुई जना व्यक्ति लागुऔषध छाडेर भागेका थिए ।
सो व्यक्तिहरूले बोकेको ट्रामोल ५० एमजी ट्रामाडोल हाईड्रोक्लोराईड नामक ८१ हजार ४९० ट्याब्लेट लागुऔषध बरामद गरिएको सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र बहादुर सिंहले जानकारी दिए ।
बरामद गरिएको लागुऔषध आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाइएको छ ।
फरार रहेका तस्करहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# ७ करोडको लागतमा बनेको मैथिली विकास कोषको भवन उद्घाटनको तयारीमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिला सभ्यता र मैथिली संस्कृतिको संरक्षण तथा प्रवद्र्धनका लागि जनकपुरधाममा निर्माण गरिएको चारतले मैथिली विकास कोष भवन अन्ततः पूर्णरूपमा सम्पन्न भएको छ । झन्डै ७ करोड रुपैयाँको लागतमा बनेको यो अत्याधुनिक संरचना औपचारिक रूपमा आगामी जेठ २३ गते उद्घाटन गरिने भएको छ । उद्घाटन समारोहमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा प्रमुख अतिथि रहनेछन् । कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, भौतिक पूर्वाधारमन्त्री सरोज यादव तथा कांग्रेसका वरिष्ठ नेताहरूको उपस्थिति पनि सुनिश्चित भएको छ । मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीका अनुसार उद्घाटन समारोहलाई भव्य र




ऐतिहासिक बनाउने तयारी तीव्र रूपमा भइरहेको छ । मैथिली भाषा, साहित्य, चित्रकला, हस्तकला, लोकसंस्कृति तथा सम्पूर्ण मिथिला सभ्यताको विकास र संरक्षणका उद्देश्यसहित निर्माण गरिएको चारतले भवनमा १५ भन्दा बढी बहुउपयोगी कक्षहरू रहेका छन् ।
भवनमा आधुनिक प्रविधियुक्त लिफ्ट, सेमिनार हल, सांस्कृतिक संग्रहालय, पुस्तकालय, लोकचित्रकला प्रशिक्षण केन्द्र, कला प्रदर्शनी कक्ष, श्रव्यदृश्य कार्यसम्पादन कक्ष तथा व्यवसायिक प्रशिक्षण र प्रदर्शनी कक्षहरूको व्यवस्था गरिएको छ । मैथिली सभ्यताका अग्रजहरू र महापुरुषहरूको योगदानलाई सम्मान गर्न भवनका विभिन्न कक्षहरू उनीहरूको नाममा नामाकरण गरिएको छ । यसमा विद्यापति कक्ष (अध्ययन तथा अनुसन्धान केन्द्र), जानकी कक्ष (संग्रहालय), डा. धीरेन्द्र कक्ष (प्रशिक्षण तथा वृत्ति विकास), सलहेस कक्ष (आर्ट ग्यालरी), दीनाभद्री कक्ष, शास्त्री कक्ष (सञ्चार तथा प्रविधि), याज्ञवल्क्य कक्ष, मिथिला शहीद कक्ष र ४ सय जना अट्ने राजर्षि जनक सभाकक्ष समेत रहेको अध्यक्ष चौधरीले जानकारी दिए । भवनभित्र मिथिलाको मौलिक जीवनशैली झल्काउने परम्परागत वस्तुहरूको संग्रह पनि राखिएको छ । यसमा काठको बाकस (सन्दुक), ढेकी, उखर समाठ, धान राख्ने कोठी, भकारी र माटोको चुल्हो लगायतका सामग्री रहेका छन् । अध्यक्ष चौधरीका अनुसार यी सामग्रीहरू मिथिला क्षेत्रको सांस्कृतिक समृद्धि र परम्परागत जीवनशैलीको महत्वपूर्ण परिचायक हुन् । जनकपुरधामको हृदयस्थलमा निर्माण भएको यो भवन अब मैथिली संस्कृति र सभ्यताको संरक्षण, अध्ययन, अनुसन्धान तथा अन्तरप्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा प्रवद्र्धन गर्ने एक नयाँ केन्द्रका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ । कोषका अध्यक्ष चौधरीका अनुसार यहाँ हुने कार्यक्रम, प्रशिक्षण र प्रदर्शनीहरूले क्षेत्रीय कला र संस्कृतिलाई नयाँ उचाइमा पुर्याउनेछन् ।

# पशुपति शिक्षा मन्दिरलाई आवश्यक सामग्री सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
सामाजिक उत्तरदायित्व अन्तर्गत ब्रिटानिया नेपाल प्रा. लि. ले वीरगंजस्थित पशुपति शिक्षा मन्दिरलाई आवश्यक सामग्री सहयोग गरेको छ ।
कम्पनीका तर्फबाट विद्यालयलाई दुई थान वाटर फ्रिजर, १६ थान सिलिङ फ्यान र ८५० प्याकेट बिस्कुट प्रदान गरिएको हो । सहयोग सामग्रीहरू ब्रिटानिया नेपालका कारखाना प्रबन्धक संदीप बन्सलले विद्यालयका अध्यक्ष अशोक कुमार बैदलाई औपचारिक रूपमा हस्तान्तरण गरे । कार्यक्रममा फाइनान्स म्यानेजर ऋषभ चौधरी, एच.आर. प्रमुख विनोद शाह, इन्जिनियर मुकेश कुमार, जी.आर.सी. एकल विद्यालयका अध्यक्ष राम सर्राफ तथा विद्यालय परिवारका अन्य सदस्यहरूको उपस्थिति रहेको थियो । विद्यालय अध्यक्ष बैदले संस्थाको तर्फबाट यस सहयोगप्रति ब्रिटानिया नेपाल प्रा. लि. परिवारप्रति हार्दिक आभार प्रकट गर्दै यस्ता कार्यहरूले शिक्षा क्षेत्रको पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुर्याउने बताए । ब्रिटानिया नेपालले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# सर्लाही जाँदै गरेको भ्यान दुर्घटना १४ जना घाइते



**मधेशदृष्टि**
**वीरगंज ।**
मकवानपुरको उत्तरी क्षेत्र चित्लाङबाट सर्लाही जाँदै गरेको वीङ्गर भ्यान त्रिभुवन राजपथ सडकखण्डमा दुर्घटना भएको छ ।
मंगलबार दिउँसो भीमफेदी गाउँपालिका–९ त्रिभुवन राजपथको छैसठ्ठी मोडमा प्रदेश २–०३–००१ ज ०१४७ नम्बरको विङ्गर गाडी सडकबाट करिब २० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । दुर्घटना भएको गाडी सल्लाको रूखमा अड्किएको प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । दुर्घटनामा परी भ्यानमा सवार १४ जना घाइते भएका छन् । घाइतेमध्ये ३ जनाको अवस्था गम्भीर रहेको डिएसपी अर्यालले बताए । उनीहरूलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको छ । घटनास्थलमा रहेको प्रहरी टोलीका अनुसार भ्यान ब्रेक फेल भएर दुर्घटना भएको हो । घाइतेहरूको उद्धारमा जिल्ला ट्राफिक, इलाका प्रहरी कार्यालय पालुङ, भीमफेदी, प्रहरी चौकी भैंसे, सिमभज्याङ २५ जना प्रहरी परिचालन भएका थिए ।

# अनियमितताको समाचार बनाएपछि पत्रकारलाई धम्की

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको विश्रामपुर गाउँपालिकामा अनियमितता भएको विषयमा समाचार प्रकाशित भएपछि वीरगंजस्थित अनलाइन समाचार पोर्टल 'वीरगंज सिटी डट कम' का क्यामेरापर्सन राजु बैठालाई गालीगलौजसहित भौतिक आक्रमणको धम्की दिइएको घटनाप्रति नेपाल पत्रकार महासंघ मधेश प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ । अनलाइन पोर्टलमा गत साता प्रसारित 'बाराको विश्रामपुर गाउँपालिकामा मिलेमतोमा अनियमितता, एकातर्फ तटबन्ध निर्माण, अर्कोतर्फ ५÷५ फिट माटो खनेर बिक्री' शीर्षकको भिडियो रिपोर्टप्रति असन्तुष्टि जनाउँदै स्थानीय टइट यादवसहित ३–४ जनाको समूहले पत्रकार बैठालाई अभद्र व्यवहार गर्दै शारीरिक आक्रमणको धम्की दिएका थिए । नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव शैलेन्द्र महतो 'क्रान्ति'ले घटनाप्रति गम्भीर खेद प्रकट गर्दै प्रेस स्वतन्त्रतामाथि भएको यो आक्रमणको भत्र्सना गरेका छन् । 'कुनै समाचारप्रति असन्तुष्टि भए संवैधानिक र कानूनी बाटो खुला छ । तर, पत्रकारलाई डर, धम्की र गालीगलौज गर्नु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो,' महासंघले विज्ञप्तिमा उल्लेख गरेको छ । महासंघले यस घटनाको निष्पक्ष अनुसन्धान गरी संलग्नलाई अविलम्ब कानूनी कारबाही गर्न प्रहरी प्रशासन र स्थानीय सरकारसँग माग गरेको छ । यस घटनाले सार्वजनिक सरोकारका विषयमा रिपोर्टिङ गर्ने पत्रकारहरूलाई जोखिममा पारेको भन्दै पत्रकार महासंघले यस्तो कार्यले स्वच्छ र स्वतन्त्र पत्रकारिता वातावरणमा प्रत्यक्ष असर पार्ने चेतावनी दिएको छ । महासंघले भनेको छ, 'पत्रकारिता पेसामा संलग्न कोही पनि व्यक्ति सुरक्षाविहीन महसुस गर्नु नपरोस् भन्ने हाम्रो साझा जिम्मेवारी हो । त्यसैले पत्रकारमाथिको धम्कीलाई सामान्य रूपमा नलिएर गम्भीर रूपमा लिनुपर्ने आवश्यकता छ ।'

# सर्लाहीको बलरामा करेन्ट लागेर पुजारीको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बलरा नगरपालिकामा करेन्ट लागेर एक वृद्ध पुजारीको ज्यान गएको छ । बलरा नगरपालिका–५ महतो टोलमा पूजा गर्न गएका ७० वर्षीय महादेव महतोको करेन्ट लागेर मृत्यु भएको हो । मृतक महतो सर्लाहीकै गोडैता गाउँपालिका–२ का स्थायी बासिन्दा हुन् । उनी स्थानीय बिजय महतोको घरमा पूजा गर्न गएका बेला मंगलबार दिउँसो करिब २ः४५ बजे अचानक करेन्ट लागेको थियो । घटनास्थलमा रहेका व्यक्तिहरूका अनुसार पूजा अघि हातमुख धुनका लागि घरमा जडान गरिएको मोटरबाट पानी खाने क्रममा महतो अचानक विद्युत प्रवाहमा परेका थिए । करेन्ट लागेपछि उनलाई तुरुन्तै उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो । तर, अस्पताल पुर्याएर १० मिनेटपछि (३:१५ बजे) चिकित्सकले उनलाई मृत घोषणा गरे । मृतक महादेव महतोको शव हाल प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ । घटनाबारे थप कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# मुद्दा हेर्दाहेर्दैमा कि न्याय मर्दामर्दैमा ?

*राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा मंगलबार पनि सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा राखिएको छ । न्यायाधीशद्वय नकहुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासमा सुनुवाइ प्रारम्भ भए पनि नसकिएपछि हेर्दाहेर्दैमा बुधबारका लागि राखिएको हो।*

*सहकारी ठगी प्रकरणमा कारागार कार्यालय भैरहवा रुपन्देहीमा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेका तर्फबाट दायर भएको बन्दी प्रत्यक्षीकरणको रिट पटकपटक हेर्न नमिल्ने सूचीमा पर्दै बुधबारलाई सरेको हो । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश नित्यानन्द पाण्डेको संयुक्त इजलासमा सोमबार पेशी तोकिएको भए पनि हेर्न नमिल्ने सूचीमा राखिएपछि सुनुवाइ हुन सकेको थिएन।*

*यसरी एउटा भिआइपी व्यक्तिको मुद्दासमेत सर्वोच्चमा सरेर, हेर्न नमिल्ने र नभ्याउनेमा परेर अन्याय हुन्छ भने अन्य सर्वसाधारणले पनि पक्कै सास्ती पाएका होलान्। वश अदालतको अवहेलना हुन्छ भनेर नबोलेका मात्रै होलान् । तर यसले गरेको संकेत के हो भने अदालतले समयमा न्याय सम्पादन नहुनु पनि नागरिकमाथि अन्याय हुनु हो भन्ने सिद्धान्तको पनि खिल्ली उडाइरहेको छ। जुन रवि लामिछानेजस्ता मुलुकको चौथो पार्टीका सभापतिको त छ भने आमनागरिकका लागि अदालत कति असाधारण पाटो हो भन्ने सजिलै अनुमान लगाउन सकिन्छ।*

*यसको निरुपणमा सबै लाग्नुपर्छ । व्यक्ति होइन, अदालतको न्यायसम्पादनमा जनताले चोर औंला ठड्याउने अवस्था आउनु हुन्न। किनभने मुद्दा हेर्दाहेर्दैमा भन्दा पनि न्याय मर्दै भन्ने भाष्य बढ्यो भने यसले आमजनतामा छाउने वितृष्णाले न्यायालयप्रति अरु अविश्वास बढ्छ। यसले राज्यमा अराजकता बढाउँछ। यसमा सबै सचेत हुन पर्छ। यो विषय सबैका लागि गहन र गाम्भीर्य बन्नुपर्छ । कोही एकाध व्यक्ति यस्ता पर्लान्, यसमा केही मतलब भएन। तर न्याय समयमा दिइनु पर्छ, पाउनु पर्छ भन्ने भाष्यलाई बलियोसँग स्थापित गरिनुपर्छ।*

# कर्णालीमा 'छोरी–बुहारी छात्रवृत्ति'को प्रभावकारिता

**गीता थापा**

प्राविधिक विषयको उच्च शिक्षामा महिलाको पहुँच बढाउने उद्देश्यले कर्णाली प्रदेश सरकारले सञ्चालन गरेको 'छोरी–बुहारी छात्रवृत्ति' कार्यक्रम प्रभावकारी बन्दै गएको छ । आर्थिक वर्ष २०७५–७६ देखि शुरू भएको कार्यक्रमअन्तर्गत हालसम्म कर्णालीका एक हजार ३१ छोरी–बुहारीले अध्ययनको अवसर पाएका छन्।

'छोरी भएर गाउँमा जन्मिनु आफैँमा चुनौती थियो, तर प्राविधिक शिक्षा पढ्छु भन्ने सपना देख्नु अझ ठूलो साहसको कुरा थियो,' सिम्ता गाउँपालिका–४ वजेडीचौरकी आश्मा केसी भन्नुहुन्छ। उहाँ अहिले अमर ज्योति नमूना माध्यमिक विद्यालय नेवारेमा जियोमेटिक्स इन्जिनियरिङको छैटौँ सेमेस्टरमा अध्ययनरत हुनुहुन्छ । घरको आर्थिक अवस्था ठीक भए पनि उहाँलाई पढाइमा आउने खर्च व्यवस्थित गर्न भनेको समयमा समस्या नै थियो।

'मध्यम वर्गीय परिवारको भए पनि प्राविधिक शिक्षा महँगो छ,' आश्मा भन्नुहुन्छ, 'छात्रवृत्तिको जानकारी पाएपछि आवेदन दिएँ र छनोटमा परेँ, त्यसले मेरो पढाइ सहज बनाइदियो, आत्मबल बढ्यो, पढाइप्रतिको भरोसा अझ गहिरियो ।' उहाँको अनुभवमा, सरकारले छोरीहरूलाई पढाउने नीति लिएको महसुस हुँदा समाजले पनि सकारात्मक दृष्टिकोण राख्न थालेको छ । 'छात्रवृत्तिले मलाई मात्र होइन, मेरो परिवारलाई पनि हौसला दिएको छ, हामीजस्ता छोरीलाई शिक्षा हासिल गर्नका लागि सरकारले ढोका खोलेको अनुभूति भएको छ,' उहाँले भन्नुभयो।

यस्तै वीरेन्द्रनगर–७ इत्रामकी पूर्णाकुमारी खड्काको जीवनमा शिक्षाको महत्व गहिरो थियो, तर आर्थिक अभावले उहाँको त्यो सपना पटक–पटक रोकिएको थियो । विवाहपछि बुहारी र आमा भइसकेपछि उहाँले पढाइलाई केही समय रोक्नुप¥यो । जिम्मेवारी बढ्दै गए पनि उहाँको मनभित्र पढ्ने चाहना भने कहिल्यै मरेन । 'म सानैदेखि स्वास्थ्य क्षेत्रमा काम गर्ने सपना देख्थेँ', उहाँ भन्नुहुन्छ, 'तर घरको आर्थिक अवस्था कमजोर थियो, विवाहपछि त झन् पढ्ने आश नै मरेजस्तो भएको थियो।'

पूर्णाले हार मान्नुभएन । जसोतसो केही आर्थिक स्रोत जुटाएर फार्मेसी पढ्न उहाँले हिम्मत गर्नुभयो। पढाइको बीचमा नै खर्च थेग्न गाह्रो हुँदै गयो । कलेजको मासिक शुल्क तिर्न नसकेर पढाइ रोक्नुपर्ने अवस्थामा समेत पुगेको उहाँ बताउनुहुन्छ। पहिलो समेस्टर पढ्न जेनतेन पुगेको शुल्क दोस्रो सेमेस्टरमा नपुग्ने भएपछि पढाइ कसरी अगाडि बढाउने भन्ने कुराले उहाँलाई तनाव थियो।

'त्यही बेला मलाई छोरी–बुहारी छात्रवृत्ति कार्यक्रमबारे थाहा भयो,' उहाँ भन्नुहुन्छ, 'मैले आवेदन दिएँ र छनोटमा परेँ, त्यो क्षण मेरो लागि अवसरको ढोका जस्तै थियो, छात्रवृत्तिले मेरो पढाइमा एउटा इँटा थप्ने काम ग¥यो, जसले मेरो सपना ढल्नबाट जोगायो।' पूर्णाले अहिले योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान केन्द्र वीरेन्द्रनगर–७ इत्राममा तीन वर्षे फार्मेसी अध्ययन गर्दै हुनुहुन्छ।

'मलाई फार्मेसी पढ्ने धेरै मन थियो, तर खर्च थेग्न सक्ने स्थिति थिएन,' पूर्णाले भन्नुभयो, 'छात्रवृत्ति नपाएको भए म कतिसम्म अगाडि बढ्थेँ थाहा छैन, आज म कक्षा कोठामा छु, प्रयोगशालामा छु, औषधिको बारेमा सिक्दैछु, यो सम्भव भयो किनकि सरकारले हाम्रो सम्भावनालाई देख्यो।'

उहाँले हामीजस्ता बुहारीका लागि यो छात्रवृत्ति केवल राहतमात्र नभइ हौसला पनि भएको बताउनुभयो । 'यसले हामीलाई अवसर मात्रै होइन, अगाडि बढ्ने बाटो देखाइदिएको छ, प्रदेश सरकारले हामीलाई गम्भीरतासाथ हेरिरहेको महसुस भएको छ, जुन हाम्रा लागि निकै महत्वपूर्ण कुरा हो,' उहाँले भन्नुभयो। उहाँले छात्रवृत्ति कार्यक्रम केवल आर्थिक सहायता मात्र नभइ कर्णालीका छोरी बुहारी, लोपोउन्नमुख, दलित र अपाङ्गता भएकाहरूको सपना साकार पार्ने, आत्मबल जगाउने र आत्मनिर्भरता निर्माण गर्ने शक्तिशाली माध्यम बनेको बताउनुभयो।

आश्मा र पूर्णाको जस्तै प्रदेशको छात्रवृत्ति कार्यक्रमले दोस्रो अवसर खोजिरहेका कर्णालीका छोरी–बुहारीको जीवनमा शिक्षा पुनः सुरू गर्ने ढोका खोलिदिएको छ । उहाँहरू मात्रै होइन छोरी–बुहारी छात्रवृत्ति कार्यक्रमबाट प्रदेशका १० जिल्लाका एक हजार ३१ छोरी बुहारी लाभान्वित भएको प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा निर्देशनालयले जनाएको छ। निर्देशनालय र यस मातहतका सामाजिक विकास कार्यालयमार्फत यो कार्यक्रम कार्यान्वयन हुँदै आएको छ।

शिक्षा विकास निर्देशनालय सुर्खेतका निर्देशक दिपा हमालले प्रत्येक वर्ष दिइने छात्रवृत्तिबाट प्रदेशका दशवटै जिल्लाका छात्रा लाभान्वित भएको बताउनुभयो । प्राविधिक शिक्षामा छोरी–बुहारीको सहभागिता बढाउन, छोरी–बुहारीलाई आत्मनिर्भर बनाउन र प्रदेशमा सीपयुक्त जनशक्तिको अभावलाई कम गर्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रम कर्णालीका १० वटै जिल्लामा कार्यविधिअनुसार सञ्चालन हुँदै आएको छ।

निर्देशक हमालका अनुसार छनोट भएकालाई अध्ययन अवधिभर सरकारले एक पटकमा ५० हजार रुपैयाँ दिने गरेको छ। 'हामीले यो कार्यक्रमको प्रभावकारितामाथि अध्ययन गरेर प्रतिवेदनसमेत तयार गरेका छौँ,' उहाँले भन्नुभयो, 'छात्रवृत्ति पाएका छोरी–बुहारी रोजगारीमा संलग्न छन्, प्राविधिक शिक्षा भएकाले कोही पनि बेरोजगार बस्नुपर्ने अवस्था छैन।'

हाल कर्णालीका नौ जिल्लाबाट १०–१० जना र सुर्खेतबाट २० जना छोरी–बुहारीले प्रत्येक वर्ष छात्रवृत्ति पाइरहेका छन् । कार्यविधिअनुसार छात्रवृत्ति रकम रु २४ हजारदेखि रु एक लाखसम्म दिने गरिएको छ । छात्रवृत्ति जिल्लाको जनसङ्ख्या र भूगोलको आधारमा कोटा निर्धारण गरिएको बताउँदै निर्देशक हमालले भन्नुभयो, 'सरकारको आर्थिक क्षमताले भ्याएसम्म यो रकम वृद्धि गरी सबै इच्छुक छोरी–बुहारीलाई समेट्न सके कार्यक्रमको उद्देश्य अझ प्रभावकारीरूपमा पुरा हुने थियो ।'

प्रदेश सरकारले सुरूको आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनका लागि रु एक करोड ५० लाख बजेट विनियोजन गरेकामा रु एक करोड ३२ लाख ८८ हजार खर्च भएको थियो । उक्त आर्थिक वर्षमा १५० छोरी र बु◌ुहारी छात्रवृत्तिमा समेटिएका थिए।

निर्देशनालयका अनुसार त्यसको पछिल्लो आर्थिक वर्ष २०७६–७७ मा प्रदेशभर १ सय १० छोरी र बु◌ुहारीले छात्रवृत्ति पाए। सो आर्थिक वर्षमा सरकारले एक करोड रुपैयाँ बजेट छुट्याएको थियो । त्यसमध्ये ७६ लाख १६ हजार ८ सय रुपैयाँ कार्यान्वयन भएको थियो। आर्थिक वर्ष २०७७–७८ मा १ सय ४१ जनाले छात्रवृत्ति प्राप्त गरेका थिए । उक्त वर्ष एक करोड ३० लाख ७१ हजार रुपैयाँ बजेट छात्रवृत्तिमा खर्च गरिएको थियो । आर्थिक वर्ष २०७८–७९ मा २ सय ४१ जनाले छात्रवृत्ति प्राप्त गरेका थिए। त्यस वर्ष एक करोड २५ लाख रकम छुट्याइएको थियो । आव २०७९–८० मा १ सय ८६ जना र आव २०८०–८१ मा १ सय ८६ जनाले छात्रवृत्ति प्राप्त गरेका थिए । यस आवमा भने तीन करोड सात लाख सात हजार ६ सय रुपैयाँ छात्रवृत्तिमा खर्च भएको थियो।

हरेक वर्ष सञ्चालन भइरहेको कार्यक्रमले यस पटक पनि निरन्तरता पाएको छ। चालु आर्थिक वर्ष २०८१–८२ को छात्रवृत्ति रकम पनि वितरण भइसकेको प्रशासन, योजना तथा अनुगमन शाखाका प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पाण्डेले जानकारी दिनुभयो। उहाँले सुर्खेतमा २० जनाको कोटा भए पनि आवेदन १९ जनाको आएको जानकारी दिनुभयो । उहाँका अनुसार १९ जनामध्ये पनि दुई जनाले पहिला नै छात्रवृत्ति पाइसकेको हुनाले यस वर्ष सुर्खेतका १७ छोरी बुहारीले मात्र छात्रवृत्ति प्राप्त गरेका छन् । यस वर्ष सुर्खेतमा मात्र १५ लाख ४६ हजार रुपैयाँ छात्रवृत्तिमा खर्च भइसकेको छ। अन्य जिल्लाको विवरण संकलन गर्ने काम भइरहेको अधिकृत पाण्डेले बताउनुभयो।

कार्यक्रम लागु भएदेखि हालसम्म छात्रवृत्ति पाउनेमा उच्च शिक्षा प्राविधिक तर्फ २०८, सिमान्तकृत तर्फ छ जना, उच्च शिक्षा अपाङ्गता तर्फ १ सय ४५ र उच्च शिक्षा दलित तर्फ २ सय ४६, आन्दोलन र जनयुद्धका शहीदका लागि उच्च शिक्षा छात्रवृत्ति पाँच तथा जेहेन्दार छात्रवृत्ति २० जनाले पाप्त गरेका छन्। सरकारले प्राविधिक उच्च शिक्षा अन्त्रगत छोरी बुहारी छात्रवृत्ति, उच्च शिक्षा जेहेन्दार छात्रवृत्ति, उच्च शिक्षा दलित छात्रवृत्ति, उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति र कर्णाली प्रदेश घोषणाका लागि आन्दोलनमा शहीद भएका सन्ततिका लागि छात्रवृत्ति वितरण गर्दै आएको छ। रासस

# घरभित्रै छोरीहरू असुरक्षित हुँदै !



**रीमा बिसी**

आफूलाई जन्म दिने बुबा र कर्म दिने बाबु सरहको ससुरा, भाइ र छोरा सरहका देवर हुन्छ भनिन्छ । तर आफन्तका नाममा अपराधी मनोवृत्ति भएकाहरूसँग कसैको केही नलाग्दो रहेछ। यो पीडा हो आफूलाई जन्म दिने बुबाबाट पटक पटक बलात्कारको शिकार बन्नुभएकी १५ वर्षीया बालिकाको। आफ्न्तबाट घरभित्रै बलात्कृत भएको पीडा कसरी भन्ने । न घरमै आफन्त र आफनासँग भेट्ने दुख साट्ने अवस्था छ। न एउटी पीडित छोरीका चित्कार कसैले सुन्छ । न त पुनस्थापित भएर त्यही घर परिवारमा बस्न सक्नेस्थिति छ। न त घरका अरू आफन्तसँग भेटघाट नै हुन्छ। आफूलाई जन्म दिने बुबाबाटै पटक पटक बलात्कृत भएकी छोरीले भोगेको पीडा हो यो। उहाँले आफूले खेपेको दुख र पीडालाई बोली मार्फत साट्न चाहनुहुन्थ्यो, जुन सम्भव नभएपछि आँशु मार्फत पीडा पोख्न बाध्य हुनुभयो। उहाँसँग आँसु बाहेक अरू बिकल्प थिएन। उहाँको पीडा बुझ्ने र आँशुको भाषा बुझेर न्याय दिने मान्छे कोही छैन।

बुबाबाट पटक पटक बलात्कार पर्नुभएकी १५ वर्षीया बालिकाले आफूमाथि भएको घटना सहनुको विकल्प नभएको बताउनु भयो। पीडित बालिका भन्नुहुन्छ, 'म माथि बितेको कुरा कसैलाई कसैलाई भन्यो भने अन्य आफन्तले पनि आफैँलाई दोषी देखाउछन् भन्ने पीडाले कसैलाई भनिनँ । कहिलेकाहीँ यो पीडाले छटपटी लाग्छ । मनमा बेचैन हुन्छ पटक्कै बाँच्न मन लाग्दैन।'

सामान्य परिवारमा जन्मिनुभएकी १५ वर्षीया बालिका पाँच कक्षामा पढ्दादेखि कक्षा ९ पुग्दासम्म चार वर्ष आफ्नै बुबाबाट पटक पटक बलात्कृत हुनुभयो। बालिका भन्नुहुन्छ, '६ जनाको परिवार थियो। भाइ सानै छ, आमा घरको काम गर्नुहुन्छ । हजुरआमा बुढी हुनुहुन्छ। म स्कुल पढेर घर आएपछि साँझमा आमालाई सघाउँथे । हजुरआमासँग केही बेर रमाउँथे । बेलुकी खाना खाएपछि स्कूलको होमर्क गर्दा रातको ९, १० बज्थ्यो । आमा र भाइ निदाएपछि बुबा आएर मलाई बलात्कार गर्थे र सुत्थेँ। मलाई अत्यन्त पीडा हुन्थ्यो।' ती बालिकाले त्यो पीडा न आमालाई भन्न सक्नुहुन्थ्यो, न त अरुलाई नै। यसरी पीडा खेपेर पटक पटक मरेर आमा, भाइ र हजुरआमाका निम्ति चार वर्ष यसरी नै बिताउनु भयो। उहाँले आमाको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनुभयो। अहिले जिल्ला अदालत रुपन्देहीले आरोपित बुबालाई १८ वर्ष कैद सजायको फैसला गरेको छ । घटनापछि रुपन्देहीको एक सुरक्षित आवास गृहमा बस्दै आउनुभएकी बालिकाले आमाको सहयोग त पाउनुभयो। तर परिवारका अन्य सदस्य तथा आफन्त इष्टमित्रहरूले आफैँलाई दोषी भएको आरोप लगाउँदा आफूलाई थप पीडा भएको पीडित बालिका बताउनु हुन्छ।

यसैगरी, ११ वर्षीया बालिका ५२ वर्षीय बुबाबाट पटक पटक बलात्कृत हुनुभयो । अत्यधिक मदिरा सेवन गरेर कुटपिट गरी आमालाई लखेटेका ती बुबाले आमासँगै गएकी छोरीलाई खोसेर ल्याए। केही समय राम्रै व्यवहार गरेको भए पनि केही समयपछि छोरीलाई दिनहुँ बलात्कार गरे। घटनाबारे कसैलाई भनेमा राम्रो नहुने बुबाले धम्की दिएको पीडित बालिकाको भनाइ छ । बलात्कारपछि विक्षिप्त बनेकी बालिकालाई घटनाबारे थाहा पाएर छिमेकीले बलात्कारको कसुरमा बाबुमाथि इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए । हाल आरोपित प्रहरी हिरासतमा रहेका छन् । पीडितले घटनापछि पीडित बालिकालाई आमाले रेखदेख गर्नुभएको छ । बालिका मानसिक रूपमा विक्षिप्त हुनुहुन्छ । छोरामान्छे देख्दा झस्कने, आत्तिने र डरले कालो निलो अनुहार हुन्छ।

यस्तै, पति वैदेशिक रोजगारीमा गएपछि ३३ वर्षीया महिला आफ्नै ससुराबाट बलात्कृत हुनुभयो । सासु माइती गएको मौका छोपेर ससुराले बुहारीलाई बलात्कार गरे । कसैलाई भने छोरा र पतिलाई मार्ने धम्की दिंदै पटकपटक बलात्कार गरिरहे। महिलाको पेटमा गर्भ आएपछि घर परिवारबाट समेत तिरस्कार सहनुप¥यो । पीडितले घटनाका बारेमा प्रहरीमा उजुरी दिनुभयो। प्रहरीले आरोपितलाई गिरफ्तार ग¥यो । आरोपित अहिले पुर्पक्षका लागि रुपन्देही कारागारमा रहेका छन्। ससुराको बलात्कारबाट गर्भवती भएकी पीडित महिला अहिले एक सुरक्षित आवास गृहमा बस्दै आउनुभएको छ। पुनस्थापना गृहमा बसेकै अवस्थामा छोराको जन्म दिनुभयो। अबको जीवन के कसरी अगाडि बढाउने हो भन्ने विषयमा धेरै चिन्तित हुनुहुन्छ।

१५ वर्षीया बालिकालाई ६० वर्षीय काकाबाट पटकपटक बलात्कृत हुनुभयो। पीडितले अभिभावकको सहयोगमा प्रहरीमा उजुरी दिनुभयो। आरोपित अहिले पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन् । पीडित बालिका अहिले अभिभावकसँगै हुनुहुन्छ । बालिकालाई अहिले पनि डर छ। बलात्कारपछि काकी र अन्य परिवारसँग बोलचाल बन्द भएको छ । आरोपितहरूले फसाएको आरोप लगाउँदा बाँच्नै गाहे भएको पीडित बालिका बताउनुहुन्छ । सात वर्षीया बालिकालाई १८ वर्षीय दाजुले शौचालयमा गएको अवस्थामा शौचालयमै बलात्कार गरे। बालिका रुँदै घटनाका विषयमा आमालाई भनेपछि आरोपित विरुद्ध प्रहरीमा उजुरी दिनुभयो। जिल्ला अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

माथि उल्लेखित सबै घटनाहरू घर परिवारका आफन्तबाट पीडित बनाइएका रुपन्देही जिल्लाका छोरीहरूको घटना र पीडामा परेका छोरीहरूको आवाज हो। यी प्रतिनिधि मूलक घटना हुन् । यस्ता धेरै घटनाहरू समाजमा घटेका छन्। कतिपय घटनाहरू उजागर हुन सकेका छैनन् । बलात्कारका घटनाहरू घर बाहिरका अपरिचितबाट भन्दा घरभित्रैका आफन्तबाट बढी हुने गरेको छ। घरपरिवार भित्रका आफन्तबाट बलात्कृत भएर पीडित भएकाहरू शारीरिक, मानसिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक रूपले समेत समस्यामा परेका छन्। यस्ता घटनाबाट पीडित भएका घटनाहरूमा मेलमिलाप गर्न दबाब दिने, अभिभावक भएकाहरू घर छाड्नु पर्ने, अभिभावकदेखि टाढा बस्नुपर्ने अभिभावक हुँदाहुँदै अरुको आश्रय लिनुपर्ने जस्ता कारणले बालबालिकाहरूको अन्य अधिकार समेत गुम्न गएको छ । अरूको साहारामा बाँच्नुपर्ने, विभिन्न अवसरबाट वञ्चित हुनुपर्ने बाल हेल्पलाइन नेपाल १०९८, रुपन्देहीका प्रमुख विष्णु पौडेलले बताउनु भयो।

जिल्ला प्रहरी कार्यालयको विगत तीन वर्षको तथ्याङ्क अनुसारलाई विश्लेषण गर्ने हो भने पनि जिल्लामा आ. व ०७९–८० मा ६७ जना बालिका र महिला बलात्कारबाट पीडित भएका छन्। त्यस्तै ०८०÷८१ मा ८९ जना पीडित भए भने २०८१–८२ मा ३८ जना बलात्कारबाट पीडित भएको तथ्याङ्क छ।

त्यस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को विगत तीन वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा सन् २०२२ मा १ सय ४२ जना महिला र बालिका बलात्कारबाट पीडित भएका छन् भने सन् २०२३ मा ८६ जना महिला तथा बालिका पीडित भएका छन्। त्यस्तै सन् २०२४ मा १ सय ४ जना महिला तथा बालिका बलात्कारबाट पीडित भएको तथ्याङ्क रहेको छ । जिल्ला प्रहरी कार्यालयका डिएसपी सुरज कार्कीका अनुसार घरपरिवारका सदस्यहरू र आफन्तबाट हुने बलात्कार जस्तो जघन्य अपराधका घटनाहरू इज्जत जाने डर, कूलको मानप्रतिष्ठा माथि आँच आउने इज्जत जानले गर्दा कतिपय घरभित्रै मिलाउने गरेकोले उजुरी नआउने गरेको र उजुरी आए पनि ढिला आउने गरेको बताउनु भयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘विकास निर्माणको अनुगमनसँगै जनतासँग जोडिन अभियान सञ्चालन’



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताको सुझाव र आलोचना गम्भीर रूपमा ग्रहण गर्दै पार्टीलाई अघि बढाइरहेको बताएका छन ।

अध्यक्ष दाहाल नेतृत्वको मध्यपहाडी लोकमार्ग जनसंवाद अभियान टोलीले जाजरकोट सदरमुकाममा मंगलवार आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा उनले पार्टीलाई जनतासँग जोड्ने अभियान चलाएको बताए । माओवादीले अघि सारेका विकास निर्माणका परियोजनाको अवस्थाको अनुगमन पनि अभियानको अर्को उद्देश्य भएको जानकारी उनले दिनुभएको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ ।

कार्यक्रममा जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, पत्रकार, नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता थियो ।

जाजरकोटमा भेरी करिडोर, मध्यपहाडी लोकमार्ग, लुम्बिनी–रारा लोकमार्गजस्ता विकास आयोजना अघि बढेका, गाउँगाउँमा सडक पुगेको, तर नलगाड जलविद्युत् आयोजनाको काम अझै रोकिएको भन्दै त्यसलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको थियो ।

अध्यक्ष दाहालले जनताका सुझावलाई पार्टीले गम्भीरतापूर्वक लिएको बताए । जाजरकोट भूकम्पबाट प्रभावित भएकालाई यथोचित राहत सहयोग उपलब्ध गराउन उनले सरकारको ध्यानाकर्षण गराए ।

साथै उनले सङ्घीयताको मर्मअनुसार अधिकार प्रत्यायोजन हुन नसकेको जनगुनासोलाई सम्बोधन गर्दै सङ्घीयताको प्रभावकारिता बढाउन सरकारलाई आग्रह पनि गरे ।रासस

# प्रतिनिधिसभाः मर्यादापालकलाई खाजा र भत्ताको व्यवस्था गर्न आग्रह

**काठमाडौँ ।**
प्रतिनिधिसभाको मंगलवारको बैठकमा सांसदहरुले विभिन्न समसामयिक विषयमा आफ्ना धारणाहरु राखेका छन ।

बैठकको शून्य समयमा सांसद वीना लामाले सदन सञ्चालनमा मुख्य भूमिका निर्वाह गर्ने मर्यादापालकहरुको समस्या सुनुवाइ गर्न माग गरे । उनले भने, ‘मर्यादापालकहरु सुरक्षामा खटिनुहुन्छ । उहाँहरुलाई खाजा र भत्ताको व्यवस्था गरिएको छैन । पोषणयुक्त खाजा र खानाको व्यवस्था गरियोस् ।’



यसैगरी, सांसद विनीताकुमारी सिंहले सरकार जनता आवास कार्यक्रमबारे गम्भीर नदेखिएको बताईन । उनले भनिन , ‘यो कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७९÷८० मा सिराहामा जम्मा ४८८ वटा घर निर्माणका लागि सम्झौता भएको थियो । तर हालसम्म पहिलो किस्तामात्र विनियोजन गरिएको छ । बाँकी किस्ता छिटोभन्दा छिटो विनियोजन गरिनुपर्छ ।’

सांसद विना जैसवालले बैङ्क तथा वित्तीय संस्थाहरुले निकै कम मूल्याङ्कनमा ऋणीको धितो लिलाम गर्ने गरेको विषय उठाईन । त्यस्तै, कर्जा लिँदा विभिन्न खालका झन्झट व्यहोर्नुपर्ने अवस्थाको अन्त्यका लागि नियामक नेपाल राष्ट्र बैङ्कले प्रभावकारी भूमिका खेल्नुपर्नेमा उनले जोड दिईन । बैङ्क तथा वित्तीय संस्थाको एटिएम सेवा चौबिसै घण्टा सञ्चालन गर्नुपर्ने माग पनि उनले गरिन ।

सांसद शान्ति श्रेष्ठले आगामी आवका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रममा गरिबी हटाउन आशालाग्दो कार्यक्रम ल्याइएको भन्दै यसलाई बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिईन । उनले प्रत्येक जिल्लामा आवासीय विद्यालय निर्माण गरी सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउनुपर्ने बताईन ।

सांसद शिव नेपालीले लामो दूरीका एसी, डिलक्स सवारी तथा हवाईजहाजजस्ता साधनमा अत्यधिक भाडा असुल्ने तर सोही अनुसार गुणस्तरको सेवा नदिने गुनासो सर्वसाधारणको रहेको भन्दै यसलाई तत्काल रोक्न अनुगमन बढाउनुपर्ने माग राखे ।

सांसद शिशिर खनालले काठमाडौँ महानगरपालिका–२६ अन्तर्गत ठमेलबाट गोल्कोपाखा हुँदै गोङ्गबु चोकसम्म पुग्ने सडक केही विस्तार गरी कालोपत्र गरिएको वर्षौं भइसक्दा पनि सडकको बीचमा बिजुलीको पोल नहटाइँदा दुर्घटनाको जोखिम रहेको बताए । उनले सडक साँघुरो भई यातायात आवगमनमा बाधा भइरहेको बताए ।

सांसद शेरबहादुर कुँवरले पूर्वजनप्रतिनिधिको उपचारमा राज्य अनुदार बन्दै गएको आरोप लगाए । उनले काभ्रेबाट निर्वाचित पूर्वसांसद गोविन्दनाथ उप्रेती सिकिस्त बिरामी भई उपचाररत रहेकाले उपचारको व्यवस्था गर्न माग गरे ।

सांसद शोभा ज्ञवालीले बर्दियाको बबई नदीमा जब्दी पुल निर्माणका लागि बजेटको सुनिश्चितता हुनु राम्रो पक्ष भए पनि निर्माण छिटो गर्न ध्यानाकर्षण गराईन ।

सांसद सरिता भुसालले नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रणमा चुनौतीपूर्ण बन्दै गएको त्यसमाथि युवाहरु झन् यसको कुलतमा फसिरहेकाले सरकारले सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्नुपर्ने, खुला वितरणमा रोक लगाउनुपर्ने तथा बिस्तारै यसलाई ‘फेजआउट’ गर्दै लानुपर्ने बताईन ।

सभामुख देवराज घिमिरेले ‘प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा निमयावली, २०७९ को परिच्छेद ९ बमोजिम सांसदहरुले सोध्नुभएको प्रश्नको जवाफ दिने’ सम्बन्धी कार्यक्रम कार्यसूचीबाट हटाइएको जानकारी दिए । रासस

# सुशासन कायम गर्न सूचनाको हक आवश्यकः गृहमन्त्री लेखक

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले सूचनाको हक पारदर्शिताका लागि आवश्यक रहेको बताएका छन । उनले पारदर्शिता र पारदर्शितामार्फत सुशासन कायम गर्न पनि सूचनाको हक आवश्यक रहेको धारणा राखे ।




राष्ट्रिय सूचना आयोगले मंगलवार आयोजना गरेको मन्त्रालयस्तरीय सूचना अधिकारीहरूसँग अन्तक्रिरया कार्यक्रमलाई उनले संविधानमा सूचनाको हकलाई मौलिक हकका रुपमा राखिएको बताए ।

‘सूचना दिने हाम्रो कर्तव्य हो, सूचना प्राप्त गर्ने नागरिकको कर्तव्य हो, सूचनाको हक भन्ने बित्तिकै जे सूचना माग्यो त्यही दिनुपर्छ भन्ने छैन’, उनले भने, ‘कतिपय सूचना गोपनीयतासँग जोडिएका हुन्छन्, ती सूचना दिन जरुरी हुदैन, शान्ति सुरक्षा र मुलुकको प्रतिरक्षासँग जोडिए सूचना हुन्छन्, वैदेशिक सम्बन्ध र कूटनीतिक सम्बन्धसँग जोडिएका हुन्छन्, अब ती सूचना पारदर्शिताका नाममा, सुशासनका नाममा सारा सूचना दिइ छाड्ने हो भने पनि मुलुकलाई थितिमा बसाउँदैन ।’

उनले मुलुकको प्रतिरक्षासँग जोडिएकाले पारदर्शिता, सुशासनको नाममा सबै सूचना दिँदा मुलुक थितिमा बस्न नसक्ने बताए । ‘संविधानको व्यवस्थालाई सन्तुलित, विस्तारित र समग्रतामा बुझ्न जरुरी हुन्छ, सूचना नलुकाइकन दिन पनि आग्रह गर्दछु’, मन्त्री लेखकले भने, ‘गोपनीयतासँग जोडिएका सूचना दिन जरुरी हुँदैन, सूचना लुकाउनुपर्ने भए गोपनीयताको यस कारण दिन सकिएन भन्ने कुरा स्पष्ट लेखेर दिनुपर्छ ।’रासस

# विपद् व्यवस्थापनमा सहयोग र सहकार्यसहित एकीकृत प्रयास आवश्यक छः मुख्यमन्त्री कार्की

**विराटनगर ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राज्यसंयन्त्रअन्तर्गतका सरोकार भएका पक्षसँगको सहयोग र सहकार्य गरी विपद् न्यूनीकरण तथा व्यवस्थापन गरिने प्रतिबद्धता व्यक्त गरेका छन ।

‘कोशी प्रदेश विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन एकीकृत अभ्यास हातेमालो–७’ कार्यक्रमको मंगलवार उद्घाटन गर्दै उनले विपद्जन्य घटना र त्यसबाट हुने क्षति न्यूनीकरणका लागि सहयोग र सहकार्यसहित एकीकृत प्रयास गरिने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री कार्कीले विपद् न्यूनीकरण, उद्धार, राहत वितरणका क्षेत्रमा नेपाली सेनासहित सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी र नेपाल स्काउटको भूमिका महत्वपूर्ण रहेकाले सहयोग र सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे ।

उनले यस वर्ष औषत वर्षा बढी हुने मौसम विज्ञहरुको भनाइ उद्धृत गर्दै मनसुसन सुरु हुनुअघि नै कोशी प्रदेशका केही ठाउँमा विपद्का घटनाहरु देखिएकाले त्यसतर्फ स्थानीय निकाय, प्रमुख जिल्ला अधिकारीसहित जिम्मेवार निकायका बीच समन्वय हुनुपर्नेमा जोड दिए ।

विराटनगर विमानस्थलमा नेपाली सेनाको हेलिकप्टर राख्ने व्यवस्थाका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई एक वर्षअघि पत्राचार गरे पनि अझैसम्म अनुमति प्राप्त नभएकामा दुःख व्यक्त गर्दै मुख्यमन्त्री कार्कीले मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषयमा ढिलासुस्ती हुँदा अपूरणीय क्षति व्यहोर्नु परेकोतर्फ सम्बद्ध निकायको ध्यान जाओस् भने ।

आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेश सरकार विपद्जन्य घटनाबाट हुने जोखिमलाई न्यूनीकरण गर्न गम्भीर रहेको बताउँदै उनले चालु आर्थिक वर्षमा विपद् जोखिम न्यूनीकरण गर्न एक करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको र आगामी वर्ष बजेट थप गरिने प्रतिबद्धता व्यक्त गरे ।

प्रदेशमा विपद्का दृष्टिले जोखिम क्षेत्रहरूको नाप–नक्सासहित पहिचान भइसकेका जानकारी दिँदै जोखिम हुने त्यस्ता ठाउँमा कार्यगत योजना बनाई क्षति न्यूनीकरणका पक्षमा सरकार जुटेको बताए ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना र पूर्वी पृतना हेडक्वाटर इटहरी सुनसरीको व्यवस्थापनमा सञ्चालित विपद् व्यवस्थापनसम्बन्धी दुईदिने सो अभ्यास कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट र राष्ट्रसेवक कर्मचारीसमेत गरी ९० जनाको सहभागिता रहेको छ ।रासस

# विपद् जोखिम न्यूनीकरणमा पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन आवश्यक’

**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद् जोखिम न्यूनीकरणमा सहज पहुँच हुने खालको प्रविधिको विकास आवश्यक हुने बताएका छन ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा युनएनडिपी र युएनडिआरआरको सहयोगमा सबैका लागि पूर्वसूचना विषयमा राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमाका सम्बन्धमा पोखरामा आयोजित प्रदेशस्तरीय गोष्ठीको उद्घाटन गर्दै उनले पूर्वसूचनामा काम गर्नसके जोखिमको न्यूनीकरण गर्न सकिने बताए ।

गण्डकी प्रदेश पर्यटन राजधानी भएको र विपद्को उच्च जोखिममा पनि रहेको उल्लेख गर्दै उनले स्थानीय नागरिकसँगै पर्यटक लक्षित विपद् पूर्वसूचना प्रणाली बनाउँदा जनधनको क्षति न्यूनीकरण गर्न सकिने बताए ।

जलवायु परिवर्तनका कारण पनि प्रदेशले थप विपद्को सामना गर्नु परेको उनले बताए । उनले प्रदेशमा जोखिम क्षेत्र पहिचान गरेर पूर्वसूचना र विपद्पछिको भूमिकामा पनि संवेदनशील हुन सरोकारवाला सबैलाई आग्रह गरे ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले विपद् पूर्वसूचनाका आधारमा विपद्जन्य क्षति धेरै नै न्यूनीकरण गर्न सकिने बताए । प्रभावकारी पूर्वसूचना प्रणालीको स्थापनासँगै यसबारे आम सर्वसाधारणलाई सचेतना अभिवृद्धि गरिनु जरुरी भएको उनको भनाइ छ ।

नेपाली कांग्रेस गण्डकी प्रदेशसभाका प्रमुख सचेतक नन्दप्रसाद न्यौपाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका गण्डकी प्रदेशसभाका प्रमुख सचेतक विन्दु पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, सुदीप अर्याललगायतले विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने बताए । गोष्ठीमा गण्डकी तथा लुम्बिनी प्रदेशका सरोकारवाला प्रतिनिधिको सहभागिता रहेको जनाइएको छ ।रासस

# छिमेकी चीन नेपालको विश्वासिलो र भरपर्दो मित्र होः परराष्ट्र सचिव राई

**काठमाडौँ ।**
परराष्ट्रसचिव अमृतबहादुर राईले नेपाल र चीनबीच सदियौँदेखि रहिआएको गहिरो मित्रवत् सम्बन्ध पछिल्लो समय जनस्तरमा समेत प्रगाढ हुँदै गएको बताएका छन ।

नीति अनुसन्धान प्रतिष्ठानद्वारा मंगलवार आयोजित ‘नेपाल–चीनबीचको सम्बन्ध र सम्भावनाको समीक्षा’ विषय गोष्ठीको उद्घाटन सत्रमा उनले चीन नेपालको विश्वासिलो र भरपर्दो छिमेकी मित्र भएको स्पष्ट पारे । उनले भने, ‘नेपाल–चीन आर्थिक, सामाजिक, सांस्कृतिक एवं परम्परागत सम्बन्ध रहिआएको घनिष्ट मित्रराष्ट्र हुन् । हामीले एक अर्काको चासो र सवेदनशीलतालाई बुझ्नुपर्छ, नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ, नेपाली भूमि छिमेकीविरुद्ध प्रयोग हुन नदिने नेपालको स्पष्ट नीति रहिआएको छ ।’

नेपाल र चीनले एक अर्काका आकाङ्क्षालाई सम्मान गर्दै आएको स्मरण गर्दै उनले नेपालको सार्वभौमसत्ता र भौलोगिक अखण्डता एवं राजनीतिक स्वतन्त्रताप्रति चीनले लिँदै आएको नीतिप्रति आभार व्यक्त गरे । सचिव राईले भने, ‘हामी नेपाली जनता चीनको सहयोगप्रति आभारी छौँ, नेपालका लागि चीन आर्थिक सहभायताको सबैभन्दा ठूलो देश मात्र नभई दोस्रो ठूलो व्यापार साझेदार मुलुक हो ।’

सचिव राईले मित्रराष्ट्रको समृद्धिका लागि चीनका लागि राष्ट्रपति सी चिनफिङ्ले अगाडि बढाउनुभएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मार्फत दुई देशबीचको सम्बन्ध बहुआयामिक तहमा विस्तार हुँदै गएको बताए । उनले बिआरआइमार्फ अगाडि बढेका आयोजनाले नेपालको आर्थिक विकास र रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

नेपालस्थित चिनियाँ दूतावासका नियोग उपप्रमुख वाङ सिनले विगत ७० वर्षदेखि नेपाल र चीनबीच रहिआएको कूटनीतिक सम्बन्ध जनतस्तरसम्म पुगेको र यसले दुवै देशको चासोलाई सम्बोधन गर्दै आएको बताए ।

उनले भने, ‘विभिन्न समयमा हुँदै आएको उच्चस्तरीय राजनीतिक भ्रमणले दुई देशबीचको सम्बन्ध घनिष्ट तुल्याउन योगदान पुगेको छ, सन् २०१९ मा चीनका राष्ट्रपति सी चिनफिङले गर्नुभएको नेपाल भ्रमण र प्रधानमन्त्री केपी शर्मा ओलीको पछिल्लो चीन भ्रमणले आपसी सम्बन्धलाई अझै उचाइमा पु¥याएको छ ।’

नेपालको पूर्वाधार, स्वच्छ ऊर्जा, पावर ग्रिडजस्ता आयोजनामा चीनले नेपाललाई सहयोग गर्दै आएको र बिआरआइमार्फत नयाँ आयोजना अगाडि बढेको उल्लेख गर्दै उनले आगामी दिनमा द्विपक्षीय सहयोग र सहकार्य थप प्रगाढ हुँदै जाने विश्वास व्यक्त गरे ।

चीनले नेपाललाई सधैँ समान र सहअस्तित्वको भावनाबाट सम्मान गर्दै आएको स्पष्ट पार्दै उपप्रमुख वाङले एकअर्काको आपसी चासोलाई दुवै देशले अन्तरमनबाट सहयोग गरिरहेको बताए ।

नेपाल–चीन कूटनीतिक सम्बन्धको ७० वर्षको उत्सव मनाइएका बेला दुवै देशका सरकारी ‘थिङ्क ट्याङ्क’ ले आयोजना गरेको ऐतिहासिक गोष्ठी हो ।

नेसनल इन्स्टिच्युट अफ इन्टरनेसनल स्टाटेजी अफ दि चाइनिज अकाडमी अफ सोसल साइन्स (निस)ले पहलमा भएको यस गोष्ठीले औपचारिक सहकार्यको जग बसाल्ने आयोजकको अपेक्षा छ ।

त्यस अवसरमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्राडा लेखनाथ शर्माले नेपाल र चीन एकअर्काका विश्वासिला छिमेकी मित्र भएको बताए । उनले भने, ‘नेपाल र चीनबीच सांस्कृतिक, धार्मिक र आर्थिक सम्बन्ध पाँचौँ शताब्दीदेखि नै रहिआएको छ, पूर्वाधार र उद्योगदेखि मानवीय सहयोगसम्म नेपालको विकासमा चीनको योगदान छ, जुन महत्त्वपूर्ण र प्रशंसनीय छ ।’

विगतमा काठमाडौँ अन्तरराष्ट्रिय व्यापार, पारवहन र सम्पर्क सञ्जालको प्रमुख केन्द्रका रूपमा रहेकामा अहिले पनि त्यसलाई निरन्तरता दिन आवश्यक रहेको अध्यक्ष शर्माको भनाइ थियो ।

विश्वमा भएका विभिन्न घटना र परिवेशले नेपाल र चीनबीच स्थिर, सहयोगी र अग्रगामी साझेदारीको आवश्यकतालाई आह्वान गरिरहेको जनाउँदै उनले हाम्रा सम्बन्ध दुई राष्ट्रहरूको फाइदाका लागि मात्र नभई समग्र एसिया क्षेत्रमा शान्ति, स्थिरता र साझा समृद्धिका लागि हुने धारणा व्यक्त गरे ।

नेपाल–चीन रणनीतिक सहयोग साझेदारीको प्रभावकारी कार्यान्वयनमा नेतृत्व र निर्णयकर्तालाई मार्गदर्शन गर्न सक्ने कार्ययोग्य नीतिगत सिफारिस गर्नु गोष्ठीको उद्देश्य रहेको जानकारी दिए ।रासस

# नेपाल थाइल्यान्डसँग ७८ रनले पराजित

**काठमाडौं ।** आइसिसी महिला ट्वान्टी–२० विश्वकप एसिया छनोटअन्तर्गत सुपर–३ को अन्तिम खेलमा नेपाल थाइल्यान्डसँग ७८ रनले पराजित भएको छ ।

थाइल्यान्डको टेर्डथाइ क्रिकेट मैदानमा मंगलवार भएको खेलमा थाइल्यान्डले नेपाललाई जितको लागि १५९ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपाल निरधारित २० ओभर ९ विकेट गुमाउँदै ८० रनमा समेटियो ।

नेपालका लागि कवितार कुँवरले सर्वाधिक २४ रन योगदान दिइन् । त्यस्तै रजाजमति ऐरीले अविजित २० तथा रुबिना क्षेत्रीले १२ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

थाइल्यान्डका लागि ओन्निचा कामचोम्फुले सर्वाधिक चार विकेट लिइन् । यसैगरी थिपाचा पुथावोङले तीन र सुलेपोर्न लाओमीले समान एक एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको थाइल्यान्डले निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै १५८ रन बनाएको थियो । थाइल्यान्डका लागि नन्नापत कोन्चारोएनकाई २८ बलमा आठ चौकाको मद्दतले अविजित ५० रनको योगदान गरिन् । त्यसैगरी नटाया बुचथमले ४२ बलमा पाँच चौकासहित ५० रन बनाइन् । अपिसरा सुवान्चोराथीले २१ तथा नथ्थकन चन्थमले अविजित १५ बनाइन् ।

नेपालका लागि राजमति ऐरी र मनिषा उपाध्यायले समान एक एक विकेट लिए । नेपाल र थाइल्यान्ड यसअघि नै विश्वकपको ग्लोबल छनोटमा पुगिसकेका थिए । पहिलो खेलमा दुवैले युएईलाई हराउँदै विश्वकपको ग्लोबल छनोटमा पुगेका हुन् । रासस

# एनआरएन कविता प्रतियोगिताको पुरस्कार घोषणा

**काठमाडौं ।** गैरआवासीय नेपाली सङ्घ, राष्ट्रिय समन्वय परिषद् अमेरिका, नेपाली भाषा, साहित्य समितिले विश्वभर छरिएर रहेका नेपाली भाषी कविहरूबीच आयोजना गरेको 'के म नेपाली हैन र ?' भन्ने शीर्षकको कविता प्रतियोगिताको नतिजा घोषणा भएको छ ।

जेठ ४ मा 'भर्चुअल' रुपमा सम्पन्न उत्कृष्ट बाह्रौं स्थानसम्मका कविहरू सम्मिलित कविता वाचन कार्यक्रममा नतिजा घोषणा गरिएको थियो ।

नतिजाअनुसार हाल अमेरिकाको नर्थ क्यारोलिना अमेरिकामा बस्नुहुने सुबोध पौडेल प्रथम भएका छन । यसैगरी, बाँके खजुराका जीवराज बम दोस्रो, स्याङ्जाका लोकहरि पाण्डेय तेस्रो भएको आयोजक समितिले जनाएको छ । समितिका अनुसार प्रथम हुनेले ६०० अमेरिकी डलर, द्वितीय हुनेले ४०० डलर र तृतीय हुनेले ३०० डलर प्राप्त गरेका छन् ।

यसैगरी, पोखराका संयोग बस्याल, इलामका (हाल कतारमा रहनुभएका) युगलमणि ढकाल, इलामकै विभूति अधिकारी, नवलपरासी (हालनर्वे) मा रहनुभएका राजेश सापकोटाले प्रोत्साहन पुरस्कार प्राप्त गरेका छन ।

भाषा साहित्य समितिका अध्यक्ष राजेन्द्रप्रसाद अर्यालको सभापतित्वमा सञ्चालित उक्त कवि गोष्ठीमा दश जना कवि उत्तमराज भेटवाल, जीवराज बम, मधुसूदन पराजुली, ईश्वरीप्रसाद रिजाल, विभूति अधिकारी, सुबोध पौडेल, मदन घिमिरे, संयोग बस्याल, लोकहरि पाण्डेय र राजेश सापकोटा सहभागी भएका थिए ।

कविगोष्ठीका लागि कुल १३८ कविता प्राप्त भएको आयोजक समितिका सदस्य डा अजित घिमिरेले जानकारी दिए । प्रा जगतप्रसाद उपाध्याय, डा मुकुन्द वाग्ले पथिक र प्रभा भट्टराईले कविता मूल्याङ्कन गरेका थिए ।

एनआरएनए अमेरिकाका अध्यक्ष डा अर्जुन बन्जाडेले परदेशमा गैरआवासीय नेपालीहरू नेपालकै भलो र हितमा प्रतिबद्ध मात्र छैनन्, नेपालको नक्सा छातीमा टाँसेर हिँडेका छन् भने । रासस

# विश्वको सबैभन्दा महंगो कफी जुन बन्छ हात्तिको गोबरमार्फत





**टोरन्टो ।** क्यानाडाका एक व्यापारी ब्लेक डिंकिनले एउटा अनौठो कफी आविष्कार गरेका छन्, जसको स्वाद अचम्मको हुन्छ तर यसको बनाउने विधि सुनेर तपाईंको मुख भने तितो हुन सक्छ ।

हो खासमा 'ब्ल्याक आइभोरी कफी' संसारको सबैभन्दा महँगो कफीको रुपमा दर्ज भएको छ, यो खासमा हात्तीको गोबरबाट बनेको कफी हो । जसले तपाईलाई मुख नमिठो बनाउन सक्छ । हो, सुन्दा अनौठो लाग्न सक्छ तर यथार्थ यही हो । यो कफीको एक कपको मूल्य करिब ८ हजार नेपाली रुपैयाँ पर्छ ।

ब्ल्याक आइभोरी कफीको आधिकारिक वेबसाइटका अनुसार यसलाई बनाउने प्रक्रिया साँच्चै अचम्मको रहेको जनाइएको छ । सबैभन्दा पहिले हात्तीहरूलाई ठूलो मात्रामा कच्चा कफी फलहरू खुवाइन्छ । यी फलहरू खाए पछि हात्तीले गोबर छोड्छ । त्यसपछि हात्तिले छाडेको यो गोबर जम्मा गरिन्छ र त्यसबाट कफी बीन्स क्रम बद्ध गरिन्छ ।

अनुमान गर्नुहोस्, लगभग ३३ केजी काँचो कफी फलफूल खुवाए पछि हात्तीको गोबरबाट मात्र एक किलो कफीको बीउ मात्र निकाल्न सकिन्छ । र, यी बीउहरुलाई घाममा राम्ररी सुकाइन्छ र त्यसपछि कालो हात्तीको कफी तयार गर्न भुइँमा हालिन्छ ।

चाखलाग्दो कुरा के छ भने यस्तो अनौठो प्रक्रियाबाट गुज्रिए पनि यो कफी तितो भने कदापि हुँदैन । यो महँगो कफी अहिले थाइल्याण्डमा ठूलो मात्रामा उत्पादन गरिन थालिएको छ ।

ब्ल्याक आइभोरी कफी जनावरको मलबाट बनाइएको मात्र होइन । त्यहाँ दुई अन्य कफीहरू छन्, जुन समान अद्वितीय तरिकामार्फत तयार गरेर विश्व प्रसिद्ध भएका छन ।

कोपी लुवाक कफीः यो कफी इन्डोनेसियाको मूलको हो र 'एसियन पाम सिभेट' भनिने बिरालो जस्तो जनावरको मलबाट संकलन गरिएको दानाबाट यो कफी बनाइन्छ । सिभेटले पाकेको कफीका चेरीहरू खान्छ, जुन यसको आन्द्रामा विशेष किण्वन प्रक्रियाबाट गुज्रिन्छ । एक वा दुई दिन पछि क्लस्टरहरूमा बाहिर गोबरको रूपमा निस्कन्छ । यी प्रशोधित दाना संसारको सबैभन्दा महँगो कफी बीन्स मध्ये एक मानिन्छ र यसको स्वाद पनि एकदम फरक छ ।

जाकु बर्ड पप कफीः ब्राजिल विश्वको सबैभन्दा ठूलो कफी उत्पादन गर्ने देश हो र यहाँ ब्राजिलका जाकु चराहरूको बिष्टाबाट विशेष कफीका दाना संकलन गरिन्छ । यी चराहरूले पाकेको कफीका चेरीहरू खान्छन् र त्यसपछि तिनीहरूको बिष्टाहरूबाट दानाहरू निकाल्छ । त्यसपछि उद्योगीहरूले राम्रोसँग सफा गर्छन्, त्यसपछि तिनीहरूलाई विशेष कफी बीन्स तयार गर्न भुटिन्छ । एजेन्सी

# अद्यौगिक जिल्लातर्फ अघि बढ्दै इलाम

**इलाम ।** चिया तथा कृषिजन्य उत्पादनसँगै अब औद्योगिकीकरणका दृष्टिले पनि इलामले निकै फड्को मारेको छ । जिल्लामा दुई दर्जन जलविद्युत् आयोजनाहरु निर्माण भएपछि उद्योगधन्दाको विस्तार भएको हो । नेपालकै पुरानो उद्योग समेत इलाममा नै रहेको छ । १९२० सालमा स्थापना भएको इलाम चिया कारखाना सदरमुकाममा रहेको छ ।



कृषिजन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएसँगै तिनको प्रशोधन गर्ने उद्योगको सङ्ख्यामा वृद्धि भएको देखिन्छ । कृषिमा चियादेखि किवी, सुन्तला, अलैँची, अदुवा, दुधजन्य वस्तु यहाँ उत्पादन हुने गर्दछ । इलाममा चिया प्रशोधन र तयार गर्ने सयौं उद्योग छन् । यहाँ उत्पादित चिया नेपालका विभिन्न क्षेत्रसहित भारत र तेस्रो मुलुक निर्यात हुँदै आएको छ । उत्पादन भएका वस्तु प्रशोधन गर्ने उद्योग स्थापना गर्नेको सङ्ख्या समेत बढ्दै गएको छ ।

जिल्लामा हालसम्म चार हजार ५६२ वटा उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालय इलामले जनाएको छ । यहाँ कृषि तथा वन पैदावारमा आधारित दुई हजार ४५० उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालयका सूचना अधिकारी किरण कार्कीले जानकारी दिए । उनका अनुसार सेवामूलक एक हजार ३०९ र उत्पादनमूलक ४६७ उद्योग दर्ता भएका छन् । यस्तै पर्यटनतर्फ ३२५, सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रविधिमा आधारित ६ वटा, ऊर्जामूलक चार र खनिजतर्फ एउटा उद्योग दर्ता भएका छन् ।

इलाममा सञ्चालन भएर पनि धेरै उद्योग घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता छैनन् । यहाँ उत्पादन भइरहेका ऊर्जामूलक अर्थात् जलविद्युत् आयोजनाहरु कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौँमा दर्ता भएर सञ्चालन भइरहेका छन् भने चारवटा आयोजना मात्र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको पाइएको छ । इलाममा चारवटा नदीमा २० भन्दा बढी जलविद्युत् आयोजना सञ्चालनमा रहेका छन् । सबै चियाका उद्योगसमेत यहाँ दर्ता भएका छैनन् । घरेलु तथा साना उद्योग कार्यालयको तथ्याङ्कमा ६५ वटा मात्र उद्योग दर्ता भएको तथ्याङ्क छ । जबकि कम्पनी रजिस्ट्रारको कार्यालयमा इलामका लागि भनेर एक हजार १४ उद्योग दर्ता भएका छन् । जिल्लामा दुई सय बढी चियाका उद्योग सञ्चालनमा रहेको अनुमान छ । सबै पालिकामा चिया उत्पादन हुन्छ ।

इलाममा राम्रो अलैँची उत्पादन हुने भए पनि प्रशोधन गर्ने कुनै उद्योग छैन । नेपालमा उत्पादन हुने अलैँची भारत भएर विभिन्न मुलुकमा निर्यात हुने गर्दछ । अलैँची जिल्लामै यसको राम्रो प्रशोधन गर्ने उद्योग भएको भए निकै राम्रो मूल्य पाउन सकिने किसानहरु बताउँछन् । भारतीय व्यापारीको मूल्यमा आफूहरुले अलैँची बिक्री गर्नुपरेको उनीहरुके भनाइ छ । औषधीय गुण भएको अलैँचीको उपयोग मसलाका रुपमा मात्र नभई अत्तरसमेत निर्माण हुने गर्दछ ।

व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रका अनुसार बर्सेनि चार अर्ब १५ करोड रुपैयाँ बराबरको अलैँची भारत निर्यात भइरहेको छ । चालु आर्थिक वर्ष २०८१÷८२ को पहिलो तीन महिनामा ७८३.७५ मेट्रिक टन अलैँची मेची भन्सारबाट निर्यात भएको छ । यो अघिल्लो वर्षको तुलनामा ४१ प्रतिशत कम हो । आव २०८०÷८१ मा एक हजार ५२५.१६ मेट्रिक टन अलैँची निर्यात भएको तथ्याङ्कमा उल्लेख छ ।

यहाँबाट प्रशोधन नभई अदुवासमेत निर्यात हुने गरेको छभने यहाँको कुचो पनि कच्चा सामग्रीके रुपमा निर्यात हुने गरेको छ । इलाममा उत्पादित वस्तु पूर्वी नाका भएर विदेश जाने गरेको छ । मेची भन्सार कार्यालयबाट अलैँची, चिया र अदुवा मात्रै ४९ अर्ब रुपैयाँ बराबरको निर्यात भएको जनाइएको छ । कार्यालयबाट आव २०७६÷७७ देखि गत आव २०८०÷८१ सम्म ४९ अर्ब ५० लाख ३५ हजार रुपैयाँ बराबरको अलैँची, चिया र अदुवा निर्यात भएको बताइएको छ । सबैभन्दा बढी तीन करोड ३७ लाख ६३ हजार किलोग्राम अलैँची भारत निकासी हुँदा ३२ अर्ब दुई करोड ८५ लाख ६५ हजार रुपैयाँ विदेशी मुद्रा नेपाल भित्रिएको कार्यालयले जनाएको छ ।

पाँच आर्थिक वर्षमा सोही नाकाबाट छ करोड २१ लाख ८३ हजार ४०४ किलोग्राम चिया निर्यात भएको उल्लेख छ । यसबाट १४ अर्ब ९१ करोड ८७ लाख ३४ हजार रुपैयाँ नेपाल भित्रिएको छ । यस्तै सो अवधिमा चार करोड १७ लाख ९७ हजार ७७० किलो अदुवा निर्यात भई दुई अर्ब पाँच करोड ७७ लाख ३६ हजार रुपैयाँ विदेशी मुद्रा आर्जन भएको छ ।

इलाममा मात्र कुल ७८० हेक्टरमा किवीखेती हुने गरेको कृषि प्रसार अधिकृत जीवन ठाडा मगरले जानकारी दिए । उनका अनुसार जिल्लामा अघिल्लो वर्ष दुई हजार ८५२ मेट्रिकटन उत्पादन भएको थियो । किवीलाई यहाँ केही किसान आफैँले घरायसी मदिरा बनाउने गरेका छन् । किवीबाट जुस, जाम अचारलगायत अन्य थुप्रै वस्तु निर्माण गर्न सकिने भए पनि यससम्बन्धी उद्योग स्थापना नहुँदा किसानले मूल्य पाएका छैनन् । कोशी प्रदेशमा हालै सम्पन्न लगानी सम्मेलनमा पनि जिल्लाका कृषिजन्य वस्तुको प्रशोधनसम्बन्धी ठोस प्रस्ताव परेको छैन । रासस

# माइक्रोसफ्टले यस बर्ष ६ हजार कर्मचारी कटौती गर्ने

## दोस्रो सबैभन्दा ठूलो कटौती

**काठमाडौं ।** टेक्रोलोजी दिग्गज माइक्रोसफ्टले मंगलबार घोषणा गऱ्यो कि उसले विश्वव्यापी रुपमा आफ्नो ३ प्रतिशत कर्मचारीलाई हटाउने भएको छ ।




माइक्रोसफ्टको यो निर्णय सबै तह अर्थात जुनियरदेखि वरिष्ठ व्यवस्थापनसम्म र सबै भौगोलिक क्षेत्रको हकमा लागू हुनेछ ।

माइक्रोसफ्टका प्रवक्ताले भने, 'हामी संगठनात्मक परिवर्तनहरू गर्दैछौं, जसले कम्पनीलाई परिवर्तनशील बजारमा सफल हुनको लागि राम्रो स्थान दिनेछ ।'

माइक्रोसफ्टमा जुन २०२४ सम्म करिब २ लाख २८,००० कर्मचारीहरू कार्यरत थिए । यसको मतलब यो छ कि अब यो निर्णयसँगै करिब ६ हजार ८०० कर्मचारीहरूले यस कामबाट काम गुमाउन सक्छन् । सन् २०२३ मा १० हजार कर्मचारीको कटौती पछिको यो सबैभन्दा ठूलो कटौती मानिएको छ ।

माइक्रोसफ्टले यो पटकको लेअफ कार्यसम्पादनमा आधारित नभएको अर्थात् जागिर गुमाइरहेका व्यक्तिलाई कामका कारण बर्खास्त नगरिएको स्पष्ट पारेको छ । कम्पनीको उद्देश्य व्यवस्थापनका तहहरू घटाएर कामलाई थप सरल बनाउनु हो ।

चाखलाग्दो कुरा के छ भने, माइक्रोसफ्टले अप्रिल २०२४ मा आफ्नो त्रैमासिक नतिजामा अपेक्षाभन्दा राम्रो प्रदर्शन गरेको थियो र कम्पनीको प्रक्षेपण पनि सकारात्मक थियो । तैपनि छाँटकाँटहरूले देखाउँछ कि माइक्रोसफ्ट आफ्नो स्रोतहरू अझ प्रभावकारी रुपमा प्रयोग गर्न चाहन्छ ।

माइक्रोसफ्टको शेयर गत सोमबार यस बर्षको उच्च ४४९.२६ डलरमा पुगेर बन्द भएको थियो, यो वर्ष अहिलेसम्मकै उच्च स्तर हो । कम्पनीको शेयर जुलाई २०२३ मा रेकर्ड ४६७.५६ डलरसम्म पुगेको थियो । एजेन्सी

# मध्यपहाडी लोकमार्गः

# हरिचोक–याम्दी खण्ड 'अस्फाल्ट' प्रविधिबाट 'पिच'

**कास्की ।** निर्माणाधीन मध्यपहाडी लोकमार्गअन्तर्गत पोखरा खण्डमा पर्ने हरिचोकबाट–याम्दी पुलसम्मको सडक स्तरोन्नति जारी रहेको छ । यस खण्डको चार लेन सडकको अहिले कालोपत्रको काम भइरहेको छ ।

मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयका अनुसार गत वैशाख दोस्रो साताहेदखि यस सडकमा 'अस्फाल्ट' प्रविधिबाट सडक पिच गर्ने काम जारी रहेको छ । हालसम्म हरिचोकबाट जौबारी चेकपोष्टसम्म एकतर्फी कालोपत्र सकिएको छ ।

मध्यपहाडी राजमार्ग आयोजना कार्यालयका सूचना अधिकारी किरण सुवेदीले झण्डै डेढ किमी सडक एकतर्फी कालोपत्र सकिएको जानकारी दिए । उनले भने, 'हरिचोक–याम्दी खण्डमा अहिले एकतर्फी कालोपत्र भइरहेको छ । चालु आर्थिक वर्षभित्रमा दुवै खण्डमा काम सम्पन्न गर्ने योजनामा छौं ।'



हरिचोक–याम्दी सडक १८ मिटर फराकिलो हुने छ । त्यसैगरी नालासहित २१ मिटर रहेको आयोजनाले जनाएको छ । यस खण्डमा अस्फाल्ट कालोपत्र १५ सेमी बाक्लो हुने छ । लामो समयसम्म यस सडकको काम सुस्त हुँदा राजमार्गमा यात्रा गर्ने यात्रीले सास्ती पाएका थिए । दुई किमी २०० मिटर लामो सडक निर्माणमा ढिलाइ हुँदा हिउँदमा धुलो र बर्खायाममा हिलोको समस्याले यात्रा कष्टकर हुने गरेको थियो । सडक निर्माण सुस्त भएपछि स्थानीयले सडकमै उत्रिएर काम छिटो गर्न दबाब दिएका थिए ।

पोखरा हरिचोकका भानुभक्त अधिकारीले ढिलै भए पनि कालोपत्रको काम सुरु भएकामा खुसी व्यक्त गरे । लामो समयसम्म सडक नबन्दा आफूहरूले धेरै सास्ती पाएकामा अब सजिलो हुने उनको विश्वास छ ।

मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतले दुई वर्षमा सक्नेगरी २०७९ साल साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिसँग मूल्यअभिवृद्धि करसहित ४८ करोड रुपैयाँ लागतमा सडक स्तरोन्नतिको सम्झौता गरेको थियो ।

साविकको पोखरा–बाग्लुङ राजमार्गमा पर्ने यस सडक हुँदै पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुमपूर्वलगायत जिल्लाबाट दैनिक सयौं सार्वजनिक तथा निजी सवारीका साधन पोखरा आवतजावत गर्छन् । रासस

# महिलाको लागि समानुपातिक होइन, प्रत्यक्ष निर्वाचनको निम्ति छुट्टै निर्वाचन क्षेत्र तोकिनुपर्छः विष्णुदेवी पुडासैनी

*नेपाली कांग्रेस नेत्री विष्णुदेवी पुडासैनीले राजनीतिक सहमति र सहकार्यमा संविधान निर्माणमा भएजस्तै कार्यान्वयनमा पनि एकजुट हुन राजनीतिक दललाई आग्रह गरेकी छन् । कांग्रेस महासमिति सदस्य तथा नेपाल महिला सङ्घ काठमाडौँ जिल्ला अध्यक्षसमेत रहेकी राष्ट्रियसभा सदस्य पुडासैनीले महिला–महिलाबीच मात्र प्रतिस्पर्धा हुने निर्वाचन क्षेत्र छुट्याइनुपर्ने व्यवस्थाका लागि माग पनि गरिन । सांसद पुडासैनीसँग राससका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीको सम्पादित अंशः*



**काठमाडौँ ।**
संविधान निर्माणमा जति उत्साह थियो, कार्यान्वयनमा भने त्यो नभएको हो कि भन्ने लागेको छ । संविधान बनाउँदा जस्तै कार्यान्वयनमा पनि एकजुट हुन जरुरी छ । संविधान निर्माण भएको १० वर्ष पूरा हुन लागेको छ, यसबीचमा भएका कयौँ अभ्यासले संशोधन पनि अतिआवश्यक भएको छ । संसद्मा भएका सबै दलको सहमतिका आधारमा संशोधन गर्नुपर्छ । जनता र देशहितका पक्षमा संशोधन हुनुपर्छ । तर हामी कताकता अलमलिएको जस्तो लागेको छ ।

निर्वाचन खर्चिलो भएकाले निर्वाचनका विषयमा पनि संविधान संशोधन गर्नुपर्ने छ । संविधानको मर्म र भावनाअनुरुप संसद्मा महिलाको सहभागिता बढाउन पर्ने छभने सरकारमा पनि सहभागिता कमजोर छ । न्यायालयमा पनि महिला सहभागिता कमजोर नै छ । निजामती क्षेत्रमा पनि जति महिलाको सहभागिता हुनुपर्ने हो, त्यति हुनसकेको छैन । मैले अहिलेदेखि होइन, धेरै पहिलादेखि नै सबै राजनीतिक पार्टीले महिला–महिलाबीच प्रतिस्पर्धा हुनेगरी निर्वाचन क्षेत्र दिनुपर्छ भन्दै आएको छु । महिलाको लागि समानुपातिक होइन, प्रत्यक्ष निर्वाचनको निम्ति छुट्टै निर्वाचन क्षेत्र तोकिनुपर्छ । यसो गर्दा जुन पार्टीले जिते पनि महिलाले जित्छ । तर अहिले महिलाले पुरुषसँग प्रतिस्पर्धा गरेर चुनाव जित्न गाह्रो छ । यसै पनि महिला आर्थिक रूपमा कमजोर छन् अनि निर्वाचन प्रचारप्रसार आफैँमा महँगो बन्दै गएको छ ।

त्यसैगरी, महिला हिंसाको अन्त्य गर्ने विषयमा हाम्रो कानुन कार्यान्वयन नै फितलो छ । महिलामाथि हुने हिंसाका विषयमा पनि कानुन कमजोर छ । अलि कडा कानुन बनाएर कार्यान्वयन गरेको खण्डमा महिला हिंसा केही हदसम्म कम हुन्छ कि भन्ने मेरो विश्वास छ । कानुन कार्यान्वयन कमजोर हुँदा थोरै सजाय हुने व्यवस्था छ । अर्को कुरा, महिलामा सचेतनाका कार्यक्रम भएको छैन कि जस्तो लागेको छ । यो कार्यक्रम वडादेखि नै सुरु हुनुपर्छ । महिलाको आत्मसुरक्षासम्बन्धी कार्यक्रम पनि सञ्चालन गर्न जरुरी छ । महिलालाई आर्थिक रूपमा पनि बलियो बनाउनुपर्छ । आर्थिक रूपमा महिला समक्ष भएपछि मात्र अरु कुरामा समानता हुन्छ । सरकारले महिलाका निम्ति आत्मनिर्भर हुने कार्यक्रम ल्याउनुपर्छ । महिलाका विषयलाई सरकारले विशेष प्राथमिकतामा राख्नुपर्छ । आम्दानीको स्रोत कम हुँदा आफ्ना दाजुभाइ वा श्रीमान्सँग निर्भर हुनुपर्ने अवस्था उनीहरूको छ ।

देशमा राजनीतिक परिवर्तन भयो । नयाँ संविधान पनि आयो । तर जनताको अवस्था अझै राम्रोसँग परिवर्तन हुनसकेको छैन । व्यवस्थाअनुसार जनताले सुविधा पाउन सकेका छैनन् । हामीले सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्याउने भनेका छौँ ।

तर अधिकार जति सबै सिंहदरबारमा केन्द्रित छ । गाउँका समस्या अझै सुल्झिएको छैन । जनताको अवस्थामा परिवर्तन ल्याउनका लागि पनि सबै राजनीतिक दल गम्भीर भएर लाग्नुपर्ने देखिन्छ । त्यसका लागि प्रमुख शक्ति राजनीतिक दलहरू मिल्नुपर्ने देखिन्छ । यसका लागि शीर्षनेताको भूमिका महत्त्वपूर्ण हुन्छ जस्तो लाग्छ ।

युवाको सवालमा सरकारले पढ्दै कमाउँदै भन्ने नीति तथा कार्यक्रम ल्याएको छ । तर उनीहरूलाई व्यावहारिक रूपमै काम गर्ने वातावरण दिनुपर्छ । नीति तथा कार्यक्रममा भनेर मात्र हुँदैन । यो कुरा यसअघिका सरकारले पनि भन्दै आएका हुन् । खै त कार्यान्वयन भएको । त्यसैले सरकारको नीति तथा कार्यक्रम, बजेट वा राजनीतिक दलको भाषणभन्दा पनि व्यावहारिक पाटो महत्त्वपूर्ण हो । अब जनता आफैँ सचेत भएका छन् । नेताले गफ लगाएको जनताले राम्रोसँग बुझ्ने भएका छन् । अब एकछिन भाषण गरेर जनतालाई झुक्याउन सकिँदैन ।

हाम्रा खेतबारी बाँझा छन् । हामीले हरेक सामान विदेशबाट आयात गरिरहेका छौँ । युवालाई कृषिमा रुचि हुने खालको कार्यक्रम सरकारले ल्याउनुपर्छ । राजनीतिज्ञको मूल स्रोत भनेका नै जनता हुन् । जनताले नेताले गरेका काम राम्रा वा नराम्रा भन्न सक्नुपर्छ ।

सही नेतृत्व जनताले आफैँले चुन्न सक्नुपर्छ । आफू निर्वाचित प्रदेश र स्थानीय तहमा गएर आफ्ना मतदाताका समस्यालाई समाधान गर्ने भन्ने राष्ट्रियसभाको योजना नै छ । अब हामी छिट्टै त्यो काम गर्दैछौँ । अहिले पनि मलाई निर्वाचित गराउनुहुने प्रदेशसभाका सांसद, पालिका प्रमुख र उपप्रमुखलाई भेटेर उहाँहरूको समस्यालाई संसद्मा राख्दै आएकी छु ।

म आउनुभन्दा पहिला राष्ट्रि«यसभा त्यति सक्रिय छैन कि भन्ने लागेको थियो । तर मैले सोचेको जस्तो रहेन छ । यो सभा पनि सक्रिय छ । कानुन निर्माणको सवालमा होस् वा जनताका विषयवस्तुलाई सदनमा उठाउने सवालमा । राष्ट्रियसभा राष्ट्रको एउटा ठूलो संस्था हो । राष्ट्रिसभाको सदस्य भएको एक वर्षको यो अवधिमा धेरै कानुन पारित भएका छन् । म अहिले विधायन व्यवस्थापन समितिमा पनि छु ।

हामीले कुनै पनि विधेयकलाई समितिमा रोकेर राखेका छैनौँ । जतिसक्दो चाँडो छलफलबाट टुङ्गो लगाएर पास गर्दै आएका छौँ । हामीले संसद्को शून्य समय, विशेष समय, आकस्मिक र प्रादेशिक समयमा सबै जनताका सवालमा मात्र उठाउँदै आएका छौँ । दिएका सुझाव र उठाइएका विषय कुनै पनि सरकारले चासो दिएर कार्यान्वयन गर्दैन । तथापि, सदनमा उठाइएका विषयलाई भने सरकारका मन्त्री उपस्थित भएर जवाफ दिनुभएको छ । रासस

# ओझेलमा अनौठो कुवा



**पाल्पा ।**
यहाँको तानसेन नगरपालिका–११ बन्दीपोखरास्थित अनौठो जोगीपानी कुवा ओझेलमा परेको छ । बोल्न नसक्ने बच्चालाई यस कुवाको पानी खुवाएमा बोल्न सक्छन् भन्ने जनविश्वास रहिआएको उक्त कुवा प्रचारप्रसारको अभावमा ओझेलमा परेको हो ।

यहाँको पानी पिएपछि बोली नफुटेका वा बोल्न नसक्ने बच्चाको बोली फुट्छ भन्ने जनविश्वास रहिआएको छ । यस कुवाको पानीमा अनौठो शक्ति भएको स्थानीयले विश्वास गर्दै आएका छन् ।

'परापूर्वकालमा एक जना जोगीले तीर्थमा जाँदा रात परेको र सामाकोटमा बास बस्दा अत्यधिक प्यास लागेपछि पानीको मुहान, वरपर घर कुने नदेखेपछि हातमा लिएको चिम्टाले जमिनमा गाडेर पानी निकालेका थिए । तिनै जोगीले आफूले पानीले प्यास मेटेको र अबदेखि यहाँको पानी पिएमा बोली नखुलेका बच्चा बोल्न सकुन् भनी आर्शिवाद दिएर त्यहाँबाट आफ्नो गन्तव्यतर्फ लागेका भन्ने जनविश्वास छ', स्थानीय भुनकुमारी गहतराजले भने ।

सोही समयदेखि स्थानीयले पानी निकालेको स्थानमा कुवा निर्माण गरेपछि यस ठाउँको नाम पनि जोगीपानी राखेका ज्येष्ठ नागरिकले बताउने गरेका गहतराजले उल्लेख गरे । उनका अनुसार यहाँको पानी पिउनाले बोली नफुटेका बच्चाको बोली आउँछ भन्ने विश्वास सयौँ वर्षदेखि रहेको भन्दै कतिपय मानिस आशा बोकेर यहाँ पानी लिन आउने गर्दछन् ।

आधुनिक प्रविधि र विज्ञानको युगमा बोल्न नसक्नेका लागि विभिन्न उपचार पद्दतिमार्फत चिकित्सकले बोली फर्काउने भए पनि खर्चिलो हुने र सहज नहुने भएकाले आर्थिक अवस्था कमजोर भएकाहरूले यहाँको पानी उपयोग गर्ने गर्दछन् ।

यसको वैज्ञानिक तथ्य भने अहिलेसम्म फेला पर्न नसकेको त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका सहायक क्याम्पस प्रमुख एवं जीव विज्ञानका प्राध्यापक चन्द्रबहादुर थापाले बताए । धार्मिक आस्थाका कारण यहाँको पानी बोली नफुटेका बच्चालाई खुवाउने गरिए पनि अहिलेसम्म त्यस्तो वैज्ञानिक आधारहरू भने फेला नपरेको उनले जानकारी दिए ।

प्राध्यापक थापाले भने, 'शारीरिक विकास ढिलोचाँडो हुन्छ तर पानीकै कारण बोली फुट्छ भन्ने कुराको वैज्ञानिक आधार भने अहिलेसम्म पाइएको छैन ।' यसको विस्तृत रूपमा अनुसन्धान गरेर मात्र वास्तविकता भन्न सकिने उनको भनाइ छ ।

यस कुवाको प्रचारप्रसार हुन नसक्दा धेरैलाई यसबारेमा थाहा नभएको स्थानीय गहतराजले बताए । उनका अनुसार थाहा पाएकाहरू नेपालका विभिन्न जिल्लाका साथै भारतबाटसमेत मानिस आउने गरेका छन् । उनले भने, 'केही मानिस कुवाको पानी पिएपछि बच्चाको बोली फुटेपछि यहाँ आएर पूजासमेत गर्ने गर्दछन् ।'

कुवा बाटोको छेवमा अवस्थित छ । लामो समय कुना सडक छेउमा भए पनि सडक विस्तार गर्ने क्रममा मासिने अवस्थामा पुगेपछि अहिले कुवा भएको ठाउँमा ट्याङ्की निर्माण गरिएको स्थानीय दिलकुमारी गहतराजले बताए ।

'अहिले पानी सडकबाट तल लगेर अर्को ट्याङ्की निर्माण गरी प्रयोगमा ल्याइएको छ । धेरैलाई यहाँको पानी खाएमा बोली नफुटेका बच्चाको बोली फुट्छ भन्ने थाहा नभएकाले यसको प्रचारप्रसार भएमा वास्तविकता अनुसन्धान पनि हुने थियो कि ?', उनले प्रश्न गरे । कतिपय यहाँबाट बोतलमा पानी लिएर पनि जाने गरेका उनको भनाइ छ ।

आफ्नो छोरी आठ÷दश वर्षको उमेर हुँदा पनि बोली नफुटेपछि यहाँको पानी खुवाएर अहिले स्पष्ट बोल्नसक्ने भएकी स्थानीय कमला गहतराजले उल्लेख गरे । पानी लिन आउँदा मानिसहरूले केही भेटी चढाउनेसमेत गरेको उनले जानकारी दिए ।

यहाँको पानी सञ्जिवनी बुटीसरह भए पनि प्रचारप्रसार नहुँदा ओझेलमा परेको स्थानीयको गुनासो छ । यहाँ कुवा नजिकै सूचना (बोर्ड) राखिए पनि त्यसको पर्याप्त प्रचार हुन सकेको छैन् ।

स्थानीय सरकारले यहाँको पानीलाई थप व्यवस्थित गरी तानसेन आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नसके आम्दानीको स्रोत बन्नसक्ने पत्रकार प्रकाश नेपालले बताए ।

उनले यस कुवाको महत्त्वलाई उजागर गरी अनुसन्धान गर्ने वातावरण स्थानीय सरकारले मिलाउनुपर्नेमा उनले जोड दिए ।

तानसेन नगरपालिका–११ का वडाध्यक्ष यादवसिंह कार्कीले यसको संरक्षण र महत्त्वलाई स्थानीय सरकारले प्राथमिकतामा राखेर काम गरेको बताए । उनले परापूर्वकालदेखि जोगीकुवाको महत्त्व रहँदै आएकाले स्थानीयको जनविश्वासलाई संरक्षण र प्रवद्र्धन गरिने उल्लेख गरे । आगामी दिनमा धार्मिक र वैज्ञानिक आधारसँग जोडर कुवाको वास्तविकता अुनसन्धानमार्फत पत्ता लगाउने योजना रहेको उनले जानकारी दिए । रासस

# अफ्रिकन स्वाइन फिभरका कारण ३६ बङ्गुरको मृत्यु

**सुनसरी ।**
बराहक्षेत्र नगरपालिकामा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमणका कारण ३६ बङ्गुरको मृत्यु भएको छ । स्थानीयले व्यावसायिक रूपमा पालेका बङ्गुरमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण देखिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोले जानकारी दिए । बराहक्षेत्र–१ मा रहेको दियाली कृषि फार्ममा २० वटा बङ्गुरमा सङ्क्रमण देखिएको छ भने १७ वटाको मृत्यु भएको छ । त्यसैगरी बराह बङ्गुर फार्ममा १५ वटामा सङ्क्रमण देखिएको छ भने सात बङ्गुरको मृत्यु भएको उनले जानकारी दिए । उनका अनुसार स्थानीय सुवास श्रेष्ठले पालेका बङ्गुर फार्ममा २२ वटामा सङ्क्रमण देखिएको छ भने १२ को मृत्यु भएको छ । बराहक्षेत्रमा मात्र अहिलेसम्ममा उक्त फिभरले ३६ बङ्गुरको मृत्यु हुनुका साथै ५७ वटामा अझै सङ्क्रमण डा महतोले बताए । यसअघि सुनसरीको दुहबी, रामधुनी र धरानमा सङ्क्रमण देखिएको थियो । रासस

# भोजपुरको कैलाश पर्वत र हरित पहाडलाई संरक्षण गरिँदै



**भोजपुर ।**
अरुण गाउँपालिका–७ सिक्रेटार स्थित 'कैलाश पर्वत र हरित हिल' (पहाड)को संरक्षण थालिएको छ । यी सुन्दर क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने लक्ष्यका साथ संरक्षण तथा विकास थालिएको हो ।

कैलाश पर्वत र हरित हिललाई मुख्य पर्यटकीय गन्तव्य बनाउने योजनाका साथ काम भइरहेको वडाध्यक्ष कुमार थापाले बताए । कैलाश डाँडाको संरक्षणका लागि पदमार्गसँगै आवश्यक संरचना निर्माण भइरहेको उनको भनाइ छ ।

कैलाश डाँडाबाट नजिकै रहेको हरित हिलसम्म पुग्नका लागि पनि पदमार्ग बनिरहेको वडाध्यक्ष थापाले बताए । प्रदेश सरकारबाट प्राप्त पाँच लाख रुपैयाँ बजेटबाट यहाँ कैलाश पर्वतसम्म पुग्ने पदमार्ग निर्माण गरिएको वडाध्यक्ष थापाले जानकारी दिए ।

यहाँका कैलाश पर्वत, हरित हिल, गौरीशङ्कर मन्दिर र सिंहदेवी मन्दिरलाई समेटेर एकीकृत पर्यटकीय क्षेत्र बनाउने लक्ष्यका साथ कामको थालनी गरिएको वडाध्यक्ष थापाले बताए ।

पर्यटकलाई लक्षित गरेर वडा कार्यालय नजिकै १० लाख बजेटमा बाल उद्यानसमेत निर्माण गरिएको उनले जानकारी दिए ।

यहाँको कैलाश पर्वत, हरित हिललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने लक्ष्यका साथ वडाले गरिरहेको कामले उत्साह थपिएको स्थानीयवासी टेकबहादुर बस्नेतले बताए । यहाँ कैलाश पर्वतसँगै गौरीशङ्क्र मन्दिर र सिंहदेवी मन्दिर रहेकाले यो स्थानको छुट्टै महत्व रहेको उनको भनाइ छ ।

'यहाँको पर्यटकीय क्षेत्रको विकासमा स्थानीय सरकारले गरिरहेको काम राम्रो छ', उनले भने, 'कसैको नजर नपर्दा यी ऐतिहासिक स्थान संरक्षणविहीन बनेको अवस्था थियो । यी क्षेत्रको विकासपश्चात यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्ने हामीले अपेक्षा लिएका छौँ ।'

कैलाश पर्वत र गौरीशङ्कर मन्दिरमा वर्षमा एकपटक भव्य मेला लाग्ने उनको भनाइ छ । मेलामा स्थानीयसँगै छिमेकी जिल्लाबाट समेत मानिसहरू दर्शन गर्न आउने उनले बताए । रासस

# बाह्र लाख क्विन्टलभन्दा बढी उखु क्रसिङ

**सुनसरी ।**
सुनसरीको बर्जु गाउँपालिकामा रहेको इष्टर्न सुगर मिल्सले एक वर्षमा १२ लाख क्विन्टलभन्दा बढी उखु क्रसिङ गरेको छ ।

चालु आर्थिक वर्षमा बीउबाहेक १२ लाख ८० हजार ६३८ दशमलव ४९ क्विन्टल उखु क्रसिङ भएको महाप्रबन्धक पवनकुमार झाले जानकारी दिए । सबैभन्दा बढी बर्जु गाउँपालिकाबाट आएको उखु क्रसिङ भएको छ भने सबैभन्दा कम रामधुनी नगरपालिकाबाट भएको उनले बताए ।

बर्जु गाउँपालिकाबाट छ लाख ६९ हजार ५८७ दशमलव पाँच र रामधुनी नगरपालिकाबाट एक हजार १० दशमलव ३३ क्विन्टल उखु क्रसिङ भएको झाले उल्लेख गरे । उनका अनुसार जिल्लामा चार हजार ६९३ दशमलव ७१ बिघामा उखुखेती हुँदै आएको छ । रासस

# कर्तव्य ज्यान मुद्दामा संलग्न पक्राउ

**काठमाडौँ ।**
कर्तव्य ज्यान मुद्दामा संलग्न भएको अभियोगमा नेपाल प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका सूचना अधिकारी प्रहरी उपरीक्षक अपिलराज बोहराका अनुसार गोकर्णेश्वर नगरपालिका–२ नयाँपाटीमा एक किराना पसल गर्ने ३७ वर्षीय बलिन्द्रप्रकाश राईलाई गम्भीर घाइते बनाई उपचारका क्रममा निजको मृत्यु भएको थियो । सो घटनामा संलग्न भएको अभियोगमा रामेछाप, सुनापतीका प्रविण तामाङ, सर्लाही, बागमतीका समीर वाइबा तामाङ र अभिसेक बाइवा तामाङ, सिन्धुपाल्चोक, इन्द्रावतीका दीपेन्द्र भुजेल र काभ्रेपलाञ्चोक, चौँरी देउरालीका अनुराग तामाङ पक्राउ परेका छन् । पक्राउ परेकाहरूको प्रहरी वृत्त बौद्धले थप अनुसन्धान गरिरहेको छ । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११–०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८–०८०/८१


# बटेश्वर गाउँपालिकामा अख्तियारको छापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबासस्थित क्षेत्रीय कार्यालयबाट खटिएको टोलीले धनुषाको बटेश्वर गाउँपालिकामा छापा मार्दै दर्जनौँ योजनामा व्यापक अनियमितता भएको आशंकामा सम्बन्धित कागजातहरू नियन्त्रणमा लिएको छ । गाउँपालिकामा पुगेको अख्तियार टोलीले अधुरा, गुणस्तरहीन र प्रक्रियाविना अगाडि बढाइएका भनिएका योजनासम्बन्धी फाइलहरू दराजमै थुनिएको अवस्थामा फेला पारेको थियो । अख्तियारका अनुसार बारम्बार पत्राचार गर्दा पनि पालिकाले कागजात नपठाएपछि छानबिनका लागि टोली स्वयं गाउँपालिकामा पुग्नुपरेको हो ।




टोलीले चार घण्टा लामो प्रयासपछि मात्र दराज खोल्न सफल भएको थियो । उक्त दराजको साँचो भ्रष्टाचार मुद्दामा मुछिएर हाल निलम्बनमा रहेका लेखा अधिकृत सुमन पुरीसँग मात्र रहेको भन्दै कर्मचारीहरूले साँचो दिन अस्वीकार गरेका थिए । अख्तियारले ताल्चा फोड्ने चेतावनी दिएपछि अन्ततः दराज खोलिएको हो ।

अख्तियारले नियन्त्रणमा लिएका फाइलहरूमा महादेव मन्दिरको निर्माण, लक्ष्मी मावि भवन, जनप्रिय मावि भवन, प्रशासनिक भवन, पीसीसी ढलान सडक, सार्वजनिक दलान लगायतका दर्जनौँ योजनाहरू समावेश छन् ।

तीमध्ये धेरैजसो योजना आर्थिक वर्ष २०७८÷७९ को अन्त्यतिर तत्कालीन अध्यक्ष डम्बरबहादुर राउत क्षेत्रीको कार्यकालको अन्तिम महिनामा शुरु गरिएका थिए । प्राप्त जानकारीअनुसार ती योजनाहरूमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामजी जोशी र लेखा अधिकृत सुमन पुरीको मिलेमतोमा रौतहटको आर्यन कन्ट्रक्सनलाई टेन्डर तथा कोटेसनमार्फत ठेक्का दिइएको थियो । कानुनी प्रक्रिया विना हतारमा सम्झौता गरिएको धेरै योजना अपूरा छन् भने कतिपयको गुणस्तर समेत न्यूनस्तरको देखिएको अख्तियारको प्रारम्भिक निष्कर्ष छ । स्थायी इन्जिनियर जितेन्द्र यादवलाई पन्छाएर करारमा नियुक्त गरिएका इन्जिनियरमार्फत योजना प्रक्रिया अघि बढाइएको आरोप पनि छ । ती इन्जिनियरहरू बर्दिबासमै बसेर डिजाइन र कागजात निर्माणमा संलग्न भएको पाइएको छ । हाल अख्तियारले नियन्त्रणमा लिएका कागजातहरूको अध्ययन र विश्लेषण गरिरहेको छ । प्रारम्भिक विवरण अनुसार योजना कार्यान्वयनमा व्यापक अनियमितता, भ्रष्टाचार र प्रक्रियागत बेथिति देखिएको हुँदा दोषी देखिएकाहरूलाई कानुनी दायरामा ल्याउने तयारी गरिएको छ । अख्तियार स्रोतले भन्यो, 'वर्षौंअघिदेखि अधुरो बनाइएको संरचना र फाइल थुनिने अवस्था नै यसको प्रमाण हो । अब कानुनी कारबाही टार्न सकिने अवस्था छैन ।'

# 'जहाँ पहुँच, त्यहाँ पिचः जहाँ जनता, त्यहाँ हिलो'





**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाम उपमहानगरपालिका–४ स्थित राजर्षि जनक क्याम्पस जाने मुख्य मार्गको दयनीय अवस्थाप्रति स्थानीयवासी आक्रोशित भएका छन् । विद्यालय, कलेज र कोचिङ सेन्टर जाने मुख्य बाटो हिलाम्मे, जलमग्न र जोखिमपूर्ण बनेको भन्दै दैनिक आवतजावत गर्ने विद्यार्थी, अभिभावक र सर्वसाधारणले आपत्ति जनाएका छन् । स्थानीय विजयेन्द्र मोहन प्रतिहस्तले भने, 'यो बाटोबाट दैनिक हजारौं व्यक्ति आवतजावत गर्छन् । ३–४ वटा विद्यालय, क्याम्पस र दर्जनौं कोचिङ सेन्टर यही आसपास छन् । बालबालिकादेखि वृद्धवृद्धासम्म हिलो छिचोल्दै ज्यान जोगाएर हिँड्न बाध्य छन् ।' उनले भने, 'नगरप्रमुखलाई आफ्नो निजी स्वार्थ जोडिएका स्थानमा पिच गर्न फुर्सद छ । तर, जनताको पीडा हेर्ने फुर्सद छैन । वडाध्यक्ष पनि बेखबर जस्तै देखिन्छन् ।' उनका अनुसार, 'यदि तत्कालै नाला सफा गरेर ग्रेभेल हाल्ने मात्र काम भए पनि बाटो केही हदसम्म हिँड्न लायक बन्ने थियो । तर, यो सानो पहल गर्नसमेत नगरप्रशासन तयार छैन ।' स्थानीय अमित झा भन्छन्, 'कमिसन खाने ठाँउ र वातावरण नभएको हुनाले यो कार्य सफल भएको छैन । सबै ज्ञानी महाज्ञानी, वकील, हाकिम, पावर पोस्ट, सबै छ । तर, एकरुपता छैन् ।' त्यस्तै, स्थानीय निरज झाले भने, 'अन्हेर नगरी चौपट राजा ।' गजब छ यो उपमहानगरपालिका र यहाँका जनप्रतिनिधिको ताल । मेयरसाब, विधायकजी, वडाका जनप्रतिनिधि सबै मौन बसेका छन् ।' सम्बन्धित आरोपबारे नगरप्रमुख मनोज कुमार साहले भने, 'हामीसँग नगरका सबै २५ वडाबाट यस्तै गुनासो आउँछ । बजेट सीमित भएकाले प्राथमिकता निर्धारण गरेर काम गरिरहेका छौँ । राजर्षि जनक क्याम्पस जाने बाटोको विषयमा सूचना प्राप्त भइसकेको छ । आगामी योजनामा ग्रेभेल र नाला सरसफाइ समावेश गरिएको छ ।' उनले थपे, 'मेरो जग्गा वरिपरिको पिच बाटो सम्बन्धी आरोप भ्रामक र अनावश्यक हो । सडक पिच गर्नु नगरको योजना अनुसार गरिएको हो, न कि व्यक्तिगत स्वार्थ अनुसार ।' वडा नं. ४ का अध्यक्ष सुरेश झा पण्डितले भने, 'वडामा एकैपटक सबै काम गर्न सक्ने अवस्था छैन । तर, राजर्षि जनक मार्गको अवस्था गम्भीर छ भन्ने कुरा मलाई जानकारी छ ।' उनले भने, 'केही दिनभित्रै नाला सफा गरिने र ग्रेभेल हाल्ने काम शुरु गरिनेछ । स्थानीयको पीडा बुझ्छु, अब ढिला नगरी समाधानमा लाग्नेछु ।' स्थानीय बासिन्दाहरूले जनप्रतिनिधिमाथि विकास योजनामा दोहोरो मापदण्ड अपनाएको आरोप समेत लगाएका छन् । 'जहाँ पहुँच छ, त्यहाँ पिच सडक । जहाँ जनता छन्, त्यहाँ हिलो र दलदल,' स्थानीय रुवी झाले प्रश्न गर्दै भनिन्, 'यो कस्तो शासन हो?' झाले भनिन्, 'जनताको गुनासो ठोस कार्ययोजनामा परिणत नहुँदासम्म विकासका नाराले जनताको भोक मेट्दैन । जनकपुरधाम–४ को राजर्षि जनक मार्गको यो अवस्था नगरप्रशासन र वडास्तरमा समन्वयको अभाव र काम गर्ने इच्छाशक्तिको कमी प्रस्ट देखिन्छ । अब आश्वासनको समय नभई कारबाही र कार्यान्वयनको समय हो ।' राजर्षि जनक मार्ग मात्र नभई जनकपुरधामका धेरै शिक्षण संस्था वरिपरिको बाटोमा पनि यस्तै अवस्था रहेको देखिन्छ । शिक्षाको केन्द्र बनेका क्षेत्र आफैँ सार्वजनिक उपेक्षाको शिकार भएका छन् ।

# फोनबाटै 'तलाक' पाएकी सनिजालाई काखे छोरासहित निर्घात कुटपिट

**मनोज माझी**
**सप्तरी ।**

विवाहदर्ता र नागरिकताका लागी संघर्षरत एक महिला आफ्नै सासु र नन्दबाट कुटिएकी छन् ।

सासु र नन्दबाट उनी मात्र नभई उनका दुई वर्षीय छोरा समेत कुटिएका छन् । कुटपिटबाट घाइते सप्तरीको डाक्नेश्वरी नगरपालिका–७ ब्रह्मपुर सिघिँया टोलकी २२ वर्षीया सनिजा खातुन र उनका २ वर्षीय छोरा फैजान दुबैको विगत ३ दिनदेखि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । अस्पतालको आकस्मिक कक्षको १४ नं. बेडमा भर्ना भई उपचारत सनिजाले आपृm र छोरालाई यो अवस्थामा सासु आयशा खातुन र नन्द मरियम खातुनले पुर्याई दिएको बताएकी छन् । उनका श्रीमान मो.आकुब विगत २ वर्षदेखि रोजगारीको सिलसीलामा कतारमा छन् । सासु र नन्दले श्रीमान आकुबलाई झुठो कुरा पुर्याएर तलाकको अवस्थामा समेत पुर्याई दिएको उनले पीडा पोखेकी छन् । 'न भएको अनर्गल कुराहरु सासु र नन्द मिलेर विदेशमा रहेका श्रीमानलाई पुर्याएपछि ९ महिना अघि फोनबाटै 'तलाक' दिए', उनले भनिन, 'विवाहदर्ता र नागरिकता बनाई दिन पटक÷पटक आग्रह गर्दा आफुमाथि यसरी शारिरीक र मानसिक यातना दिन थालिएको हो ।'



उनले सासु र नन्द मिलेर आफूलाई घर निकाला गर्न अनेकौं प्रकारका दुःखःदिन थालेको सुनाइनर । 'पछिल्लो पटक कुटपिट मात्र गरेनन्, आफुले प्रयोग गर्ने घरको शौचालयमा समेत बालुवा गिट्टी भरेर शौचालका लागि खुल्ला चौरमा जान बाध्य बनाए,' उनले भनिन ।

उक्त घरमा सनिजा एक्लै वस्दै आएकी छन् । सासु भने गाउँमै अर्को ठाउँमा रहेको छोरी मरियमको घरमा बस्दै आएको उनले सुनाइन् । भारतको बिहार राज्य कुनौली ग्रामपञ्चायत डगमारा माइती भएकी सनिजाको २०७८ साल चैत ८ गते मो.आकुबसंग मुस्लिम धर्म परम्परा अनुसार मौलानाको उपस्थितिमा विवाह (निकाहनामा) सम्पन्न भएको थियो ।

छोरीको विवाहमा आफूहरुले खेतीयोग्य जग्गा बेचेर नगद ५ लाखसहित १५ लाख रुपैयाँ खर्च गरेको सानीआमा नाजोले सुनाइन् । अस्पताल परिसरमा सञ्चारकर्मीहरुसंग कुरा गर्दै आमा नजिराले भनिन, 'सासु आयशा र नन्द मरियमकै कारण छोरीलाई सम्बन्ध विच्छेद र कुटपिट गरी जीवन मरणको दोसाँधमा पुर्याइएको छ । अब कति सहनु ?' उपचारका लागि काँखे छोरासहित अस्पताल भर्ना रहेकी सनिजाले विवाहको ३ वर्ष भन्दा बढी भइसक्दा पनि श्रीमानले विवाहदर्ता र नागरिकता नबनाई दिएको र सो बनाइ दिन फोनबाट पहलका लागि आग्रह गर्दा 'किन हतार गरेको' भन्दै रिसाउने गरेको सुनाइन् ।

सनिजाले विवाह भएपछि विवाहदर्ता र सन्तान जन्मिएपछि जन्मदर्ता गराई दिन माग गर्नु स्वभविक भएपनि श्रीमान, सासु र नन्दले यसलाई अपराध गरेझैं लिएको पीडा पोखिन् । उनले विदेशमा रहेका श्रीमानलाई सासु र नन्दले मेरो बारेमा झुठो कुरा लगाएर भडकाउने गरेको र सोको प्रतिवाद गर्दा दुःख पाएको सुनाइन् । उनले गत मंसिर १९ गते साँझ आफु गाउँको एक आफन्तको बैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टिका, नथुनी, औंठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको र सोबारे इलाका प्रहरी कार्यालय पातो हुँदै जिल्ला प्रहरी कार्यालयसम्म पुगेर उजुरी दिएको बताइन् । उजुरीमार्फत घरमा चोरी गर्ने तथा आफुलाई तलाकसम्मको अवस्थामा पुर्याउनेहरुमाथि ठगी तथा अपराधिक विश्वासघात मुद्दा अन्तर्गत कारवाही हुनु पर्ने माग समेत गरेकी छन् । तर, अहिलेसम्म न्याय पाउन नसकेको उनको गुनासो छ । सनिजासंग अन्याय भएको भनेर ब्रह्मपुर टोलका मुस्लिम अगुवाहरुले साथ दिइरहेपनि हिंसा गर्नेहरुमाथि अहिलेसम्म कुनै कारवाही नभएको आमा नजिराले पीडा पोखेकी छन् । छोरी सनिजामाथी लगातार एक पछि अर्को हिंसा र तलाकको कुरा आएपछि आफुले सप्तरी जिल्ला अदालतमा अंश र मानाचामल मुद्दा हालेको बताउँदै उनले ज्वाँईले छोरीलाइ फोनमार्फत दिएको तलाकनामा फिर्ता तथा उनीसंगै सुरक्षित साथ बस्ने वातावरण मिलाई दिन पनि सम्बद्ध सरोकारवाला निकायसंग आग्रह गरेकी छन् । उनले छोरीलाई दुःख दिनेहरुविरुद्ध प्रहरीमा उजुरी हालेपछि पीडकलाई पक्राउ गर्ने आश्वासन पाइए पनि हालसम्म उनीहरुलाई पक्राउ नगरिएको गुनासो समेत गरेकी छन् । यता, सनिजाकी सासु आयशाले घरायसी विवादमा झैझगडा हुँदा आफुलाई समेत चोट पटक लागेको दाबी गरेकी छन् । 'झगडाको शुरुवात बुहारी सनिजाले नै गरेकी हुन,' उनले भनिन, 'आत्मरक्षाको क्रममा म आफैं घाईते भएकी हुँ ।' उनले सनिजाले प्रयोग गर्ने शौचालयमा आफुहरुले बालुवा गिट्टी हालेर अबरुद्ध पार्ने कुनै प्रयास नगरेको दाबी समेत गरेकी छन् । यसबारे जिज्ञासा राख्दा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले दुबै पक्षलाई झिकाई समस्या समाधानको प्रयास थालिएको बताए । उनले कुटपिट घट्नाको पनि अनुसन्धान भइरहेको र दोषी पाइएकालाई कानुन बमोजिम कारवाही गरिने दृढता समेत व्यक्त गरे ।

# पर्सामा अवैध चोरी तस्करी रोक्न 'सिसी क्यामेरा' जडान

**वीरगंज ।**

अवैध चोरी निकासी तथा पैठारी नियन्त्रण गर्न पर्साका विभिन्न आठ स्थानमा 'सिसी क्यामेरा' जडान गर्न थालिएको छ । स्थानीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकको निर्णयानुसार वीरगंजको छपकैया, सिर्सिया, बलिरामपुर, अलौँलगायत स्थानमा दुई–दुई ठाउँमा गरेर आठवटा सिसी क्यामेरा जडान गरिएको हो । वीरगंज भन्सार कार्यालयका कर्मचारी र सुरक्षाकर्मीको टोलीले वीरगंज महानगरको छपकैया, सिर्सियालगायत ठाउँमा सिसी क्यामेरा जडान गर्न अवरोध गरिएको जनाइएको छ । प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने, प्रहरी प्रमुख गौतम मिश्र, सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण हेडक्वार्टरका गणपति राधेश्याम धिमाललगायतको उपस्थितिमा छपकैया र सिर्सियासहितका चार स्थानमा दुई–दुईवटा सिसी क्यामेरा जडान गरिएको छ । त्यसैगरी, बलिरामपुरमा दुई, अलौँमा दुईवटा सिसी क्यामेरा जडान गरिएको हो । सिसी क्यामेरा जडान गर्न गएका भन्सारका कर्मचारी टोलीलाई अवरोध पुर्याएपछि स्थानीय राजस्व चुहावट नियन्त्रण समितिको संयोजक प्रजिअकै नेतृत्वमा टोली नै पुगेर सिसी क्यामेरा जडान गरेको प्रजिअ अर्यालले जानकारी दिए । 'समितिको बैठकले सम्भावित अवैध चोरी निकासी तथा पैठारी हुने ठाउँको पहिचान गरेर सिसी क्यामेरा जडान गर्ने निर्णय गरेको थियो', उनले भने, 'समितिले गरेको निर्णयलाई सुरक्षाकर्मीसहितको टोलीको उपस्थितिमा सिसी क्यामेरा जडान गरेका छौँ । यसले भन्सार छली गरेर वस्तु तथा सामान आयात तथा निर्यात गर्नेलाई निरुत्साहित गर्नेछ ।' प्रजिअ अर्यालले सीसी क्यामेरा जडान भएसँगै भन्सार छली गरेर अवैध मालसमान ओसारपसार गर्नेलाई मनोवैज्ञानिक तवरले पनि तस्करी नियन्त्रणमा सघाउ पुर्याउने आशा राखेको बताए । 'भन्सार छली गरेर सामान भित्र्याउनेले सुरक्षाकर्मीमाथि गर्ने दुव्र्यवहार पनि न्यूनीकरण हुने अपेक्षा राखेका छौँ', उनले भने, 'सुरक्षाकर्मीमाथि जाइलाग्नेमाथि पनि आवश्यक कानुनी कारबाही गर्ने बाटो खुल्ने छ ।' वीरगंज भन्सार कार्यालयका प्रमुख लामिछानेले पहिलो चरणमा कार्यालयले आन्तरिक स्रोतबाट बजेट व्यवस्थापन गरेर सिसी क्यामेरा जडान गरेको जानकारी दिए । कार्यालयले सम्भावित चोरी निकासी तथा तस्करी हुनसक्ने जोखिमयुक्त ठाउँमा लक्षित गरेर सिसी क्यामेरा जडान कार्यलाई निरन्तरता दिँदै जाने बताए । उनले आगामी दिनमा पर्सा र बाराका छोटी भन्सार कार्यालय, नाका तथा अन्य संवेदनशील ठाउँमा पनि सिसी क्यामेरा जडान गर्ने योजना रहेको जानकारी दिए । रासस

# सिरहास्थित प्रादेशिक आयुर्वेदिक अस्पतालको प्रयोगशाला बन्द, सयौँ सेवाग्राही समस्यामा

**मधेशदृष्टि**
**सिरहा ।**

सिरहा नगरपालिका–१ मा रहेको प्रादेशिक आयुर्वेदिक अस्पतालमा प्रयोगशाला सेवा बन्द रहेका कारण दैनिक स्वास्थ्य परीक्षणका लागि आउने सयौँ सेवाग्राहीहरू उपचार नपाएर फर्किन बाध्य भएका छन् । अस्पतालमा आवश्यक पूर्वाधार र जनशक्ति हुँदाहुँदै पनि रसायन तथा प्रयोगशालाका सामग्री नआएको कारण सेवा सञ्चालन हुन सकेको छैन । अस्पतालका निमित्त कार्यालय प्रमुख दिपेन्द्र प्रसाद यादवले भने, 'विसं ०५२ मा स्थापना भएको अस्पतालमा २०७८ सालमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको बजेटबाट प्रयोगशाला निर्माण गरिएको हो । तर, आवश्यक रसायनिक सामग्री नपुगेका कारण अझैसम्म सेवा शुरु गर्न सकिएको छैन ।' यादवका अनुसार, 'हामीकहाँ दैनिक ७० देखि १०० जना सेवाग्राही सिबिसी, सुगर, युरिक एसिड, युएसजीजस्ता परीक्षणका लागि आउँछन् । तर, प्रयोगशाला सेवा बन्द भएकाले लक्षणको भरमा औषधि दिनुपर्ने बाध्यता छ ।' उनले थपे, 'यदि प्रयोगशालाबाट परीक्षण गरेर औषधि दिन सकिएको भए रोगको जडमा पुग्न सकिने थियो । तर, अहिले हामी अनुमानमा उपचार गरिरहेका छौँ ।' सिरहा, सप्तरी, उदयपुरसहित आसपासका जिल्लाबाट आयुर्वेदिक सेवा लिन आउने सेवाग्राहीहरू प्रायः आर्थिक रूपमा कमजोर पृष्ठभूमिका हुने हुँदा प्रयोगशाला सेवा बन्द हुँदा उनीहरू निजी अस्पतालमा महँगो शुल्क तिरेर जाँच गराउन बाध्य छन् । गोलबजार नगरपालिकाका सुरज साह भन्छन्, 'अङ्ग्रेजी औषधिको साइड इफेक्टबाट जोगिन हामी आयुर्वेदिक अस्पताल आउँछौं । तर, यहाँ प्रयोगशालै बन्द छ । अब हामी कहाँ जाने?' कल्याणपुर नगरपालिकाका धिरेन्द्र साह पनि यस्तै गुनासो गर्छन्, 'अब सामान्य चेकअपको लागि पनि निजी अस्पताल धाउनुपर्ने भयो । सामान्य सिबिसी परीक्षणको लागि समेत दुई–तीन सय रुपैयाँ तिर्नुपर्ने अवस्था छ ।' प्रमुख यादवका अनुसार प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक रसायन प्रदेश सरकारसँग माग गरिएको छ । 'चाँडै सेवा शुरु गर्ने तयारीमा छौं,' उनले भने । अस्पतालमा हाल एकजना मात्र प्रयोगशाला सहायक कार्यरत छन् । उनले भने, 'सेवा नियमित सञ्चालन गर्न कम्तीमा दुई जनाको आवश्यकता पर्छ । त्यसैले हामीले प्रदेश सरकारसँग थप जनशक्ति माग गरेका छौं ।' अस्पतालले विगतमा ३० प्रकारका निःशुल्क औषधिहरू वितरण गर्दै आएको भए पनि हाल त्यसको सङ्ख्या घटेर २३ मा सीमित भएको छ । 'औषधि आपूर्ति कटौतीका कारण धेरै सेवाग्राही औषधि बाहिरबाट खरिद गर्न बाध्य छन्,' यादवले भने । सिरहाका १७ वटै स्थानीय तहसँग समन्वय गरेर सञ्चालन गरिएको प्रादेशिक आयुर्वेदिक अस्पतालले पछिल्लो समय पुनः सक्रियता लिने प्रयास गरिरहेको भए पनि आवश्यक सामग्री अभावका कारण अझै पूर्ण क्षमतामा पुग्न सकेको छैन ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन